# अथ तृतीय–समुल्लासः

## अथाऽध्ययनाऽध्यापनविधिं व्याख्यास्यामः

अब तेस्रो समुल्लासमा पढ्ने पढाउने प्रकारबारे लेखिन्छ। सन्तानलाई उत्तम विद्या, शिक्षा, गुण, कर्म र स्वाभावरूपी आभूषणहरू धारण गराउनु आमा, बाबु, गुरू र सम्बन्धीहरूले गर्ने मुख्य कार्य हो। सुन, चाँदी, माणिक, मोती, मुंगा आदि जडिएका आभूषणहरू धारण गराएर मानिस कहिल्यै सुभूषित हुनसक्तैन। आभूषणहरू धारण गर्दा त देहाभिमान, विषयासक्ति, चोर आदिको भय र मृत्यु पनि हुने सम्भावना रहन्छ। आभूषणहरूकै कारण दुष्टहरूका हातबाट बालकहरू मृत्यु समेत भएका कुरा संसारमा देखिन आएको छ।

**विद्याविलासमनसो धृतशीलशिक्षाः सत्यव्रता रहितमानमलापहाराः।**
**संसारदुःखदलनेनसुभूषिता ये धन्या नरा विहितकर्म परोपकाराः॥**

विद्याविलासमै लागिरहने मन भएका, सुन्दर शील—स्वभावयुक्त, सत्यभाषण आदि नियम पालन गर्ने, अभिमान र अपवित्रता नभएका, अरूको मलिनता नाश गर्ने,सत्य उपदेश र विद्यादान आदिले संसारहरूका दु:ख, बाधा हटाउने सुभूषित अनि वेदविहित कर्मद्वार परोपकारमा तत्पर रहने नर नारी धन्य हुन्। यसकारण आठ वर्षका हुँदा केटालाई केटाको र केटीलाई केटीको पाठशालामा पठाइदिनु पर्दछ। दुष्टाचारी अध्यापक वा अध्यापिकाबाट शिक्षा दिलाउनु उचित हुँदैन। पूर्णविद्यायुक्त, धार्मिक व्यक्ति नै पढाउन र शिक्षा दिन योग्य हुन्छन्।

द्विजले आफ्नो घरमा बालकलाई यज्ञोपवीत र कन्यालाई पनि यथायोग्य संस्कार गरेर उपर्युक्त गुरूकुल अर्थात् आ–आफ्नो पाठशालामा पठाइदिनु पर्दछ। केटा र केटीका पाठशाला एकान्त ठाउँमा र कम्तिमा एक अर्काको दुई कोस फरकमा हुनु पर्दछ। अध्यापक, अध्यापिका, नोकर,चाकर आदि कन्या पाठशालामा स्त्री र पुरुष पाठशालामा पुरुष नै हुनुपर्दछ। कन्या पाठशालामा पाँच वर्षका केटा र पुरुष पाठशालामा पाँच वर्षकी केटी पनि जान नपाऊन्। अर्थात् तिनीहरू ब्रह्मचारी वा ब्रह्मचारिणी रहुन्जेल एक अर्कालेे स्त्री वा पुरुषलाई दर्शन, स्पर्शन, एकान्तसेवन, भाषण, विषयकथा, परस्पर क्रीडा, विषय ध्यान र संगत



यी आठ प्रकारका मैथुनबाट टाढै रहनुपर्दछ। अध्यापकहरूपनि तिनीहरूलाई यी कुराबाट बचाउने गरून्, जसबाट उनीहरू उत्तम विद्या, शिक्षा, शील, स्वभाव, शरीर र आत्माले बलयुक्त भई नित्य आनन्द बढाउन गाउँ–शहरबाट पाठशाला चारकोस टाढा हुनुपर्दछ। राजकुमार, राजकुमारी अथवा दरिद्र सन्तानसँग अथवा सन्तान आमा,बाबुसँग भेट्न नपाऊन्। एक अर्कासँग पत्रव्यवहारसम्म पनि गर्न नपाऊन्। जसले गर्दा उनीहरू संसारी चिन्तारहित भएर विद्या बढाउन मात्र आफ्नो ध्यान केन्द्रित गर्न सकून्। कतै भ्रमणमा जाँदा कुनै किसिमको कुचेष्टा, आलस्य, प्रमाद आदि नगरून् भन्ने हेतुले एक अध्यापक उनीहरूसँग रहनु पर्दछ।

**कन्यानां सम्प्रदानं च कुमाराणां च रक्षणम्॥**

—मनु० ७।१५२

पाँच अथवा आठवर्ष पुगेपछि आफ्ना बाल बालिकालाई घरमा राख्न नपाउने, पाठशाला पठाउनै पर्ने र नपठाउने व्यक्ति दण्डित हुने किसिमको राजनियम र जातिनियम हुनुपर्दछ भन्ने यसको अभिप्राय हो। बालकको पहिलो यज्ञोपवीत घरमा र अर्को पाठशालामा आचार्य कुलमा हुनुपर्दछ। आमा, बाबु वा अध्यापकले आफ्ना बाल–बालिकालाई गायत्री मन्त्र अर्थ सहित उपदेश गरिदिनुपर्छ। त्यो मन्त्र हो—

**ओ३म् भूर्भुवः स्वः। तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि।**
**धियो यो नः प्रचोदयात्॥** —यजुर्वेद ३६।३

यस मन्त्रका आरम्भमा रहेको '**ओ३म्**' को अर्थ पहिलो समुल्लासमा गरिसकिएको छ, त्यहींबाट जान्नू। अब तीन महाव्याहृतिको अर्थ संक्षेपमा लेखिन्छः—'**भूरिति वै प्राणः**' '**यः प्राणयति चराऽचरं जगत् स भूः स्वयम्भूरीश्वरः**' सब जगत्को जीवनको आधार, प्राणभन्दापनि प्रिय, स्वम्भू र प्राणको वाचक हुनाले 'भूः' परमेश्वरको नाम हो। 'भुवरित्य–पानः' 'यः सर्व दुःखमपानयति सोऽपानः' जो सबै दु:ख रहित छ, जसको सँगले जीव सबै दु:खबाट छुट्तछन् यसैले त्यस परमेश्वरको नाम 'भुवः' हो। 'स्वरिति व्यानः' 'यो विविधं जगद् व्यानयति व्याप्नोते स व्यानः' नानाविधि जगत्मा व्यापक भई सबैलाई धारण गर्ने हुनाले परमेश्वरको नाम 'स्वः' हो। यी तीनै वचन तैत्तिरीय आरण्यकका हुन्।

**( सवितुः ) 'यः सुनोत्युत्पादयति सर्वंजगत् स सविता तस्य'** जो सबै जगत्का उत्पादक र सबै ऐश्वर्यका दाता हुन्, **( देवस्य ) 'यो**



PDFill PDF Editor with Free Writer and Tools

**दीव्यति दीव्यते वा स देवः'** जो सर्वसुख दिने र जसलाई प्राप्तगर्ने कामना सबै गर्दछन्, त्यस परमात्माको जो **( वरेण्यं ) 'वर्त्तुमर्हं'** स्वीकार गर्न योग्य, अतिश्रेष्ठ, **( भर्गः ) 'शुद्धस्वरूपम्'** शुद्धस्वरूप र पवित्रगर्ने चेतन ब्रह्मस्वरूप छ, **( तत् )** त्यसै परमात्माको स्वरूपलाई हामीहरू **( धीमहि ) 'धरेमहि'** धारण गरौं। कुन प्रयोजनका निम्ति ? **( यः ) 'जगदीश्वरः'** जो सविता देव परमात्मा **( नः ) 'अस्माकम्'** हाम्रा **( धियः ) 'बुद्धीः'** बुद्धिहरूलाई **( प्रयोदयात् ) 'प्रेरयेत्'** प्रेरणा गरोस् अर्थात् दुष्कर्मबाट छुटाएर सत्कर्ममा प्रवृत्त गराओस्।

हे परमेश्वर! हे सच्चिदानन्दस्वरूप! हे नित्य–शुद्ध–बुद्ध–मुक्त–स्वभाव! हे अज निरञ्जन निर्विकार! हे सर्वान्तर्यामिन्! हे सर्वाधार जगत्पते सकलजगदुत्पादक! हे अनादे विश्वम्भर सर्वव्यापिन्! हे करूणामृतवारिधे! सवितुर्देवस्य तव यदोम्भूर्भुवः स्वर्वरेण्यं भर्गोऽस्ति, तद्वयं धीमहि, दधीमहि, धरेमहि, ध्यायेम वा। कस्मै प्रयोजनायेत्यत्राह— हे भगवन्! यः सविता देवः परमेश्वरो भवन्नस्माक धियः प्रचोदयात् ए एवास्माकं पुज्य उपासनीय इष्टदेवो भवतु नातोऽन्यं भवत्तुल्यं भवतोऽधिकं च कञ्चित् कदाचिन्मन्यामहे।

हे मानव! सबै समर्थहरूमा समर्थ, सच्चिदानन्दानन्तस्वरूप, नित्य–शुद्ध, नित्यबुद्ध, नित्यमुक्तस्वभाव, कृपासागर, ठीक–ठीक न्याय गर्ने, जन्म–मरण आदि क्लेशरहित, आकाररहित, सर्वज्ञ, सबैलाई धारण गर्ने, पिता, उत्पादक, अन्न आदिले विश्वको पोषण गर्ने, सकल ऐश्वर्ययुक्त, जगतको निर्माता, शुद्धस्वरूप र प्राप्तिको कामना गर्नयोग्य परमात्माको शुद्ध चेतन स्वरूपलाई नै हामी धारण गरौं। किनभने त्यो अन्तर्यामीस्वरूप परमेश्वर हाम्रो आत्मा र बुद्धिलाई, दुष्टाचार, अधर्मयुक्त मार्गबाट हटाएर सत्यमार्गमा चलाओस्। यस्तो परमेश्वरलाई छोडेर अरू कुनै वस्तुको ध्यान हामी नगरौं। किनभने ऊ जत्तिको अरू कोही छैन। उही हाम्रो पिता, राजा, न्यायधीश अनि सबै सुख दिनेवाला हो।

यसरी गायत्री मन्त्रको उपदेश गरेर स्नान, आचमन, प्राणायाम आदि सन्ध्योपासनाका क्रिया सिकाउनु पर्छ। शरीरका बाहिरी अङ्गहरू शुद्ध र निरोगी होऊन् भनेर सर्वप्रथम स्नान गर्ने उपदेश गर्नुपर्छ, यसकुराको प्रमाण—

**अद्भिर्गात्राणि शुध्यन्ति, मनः सत्येन शुध्यति।**
**विद्यातपोभ्यां भूतात्मा, बुद्धिर्ज्ञानेन शुध्यति॥**

—मनुस्मृति ५।१०९

यो मनुस्मृतिको श्लोक हो। पानीले शरीरका बाहिरी अवयव,



सत्य आचरणले मन, विद्या र तप अर्थात् सबै कष्ट सहेर पनि धर्मकै अनुष्ठान गर्नाले जीवात्मा, ज्ञान अर्थात् पृथ्वी देखि परमेश्वरसम्मका पदार्थ विवेकले बुद्धि, निश्चित नै शुद्ध हुन्छ। त्यसो हुनाले खाना खानु अघि अवश्य नुहाउनु पर्दछ। अब प्राणायामको प्रमाण—

**प्राणायामादशुद्धिक्षये ज्ञानदीप्तिराविवेकख्यातेः।**

—यो योगशास्त्रको सूत्र हो।

जब मानिस प्राणायाम गर्दछ, तब प्रतिक्षण उत्तरोत्तरकालमा अशुद्धिको नाश र ज्ञानको प्रकाश हुँदैजान्छ। मुक्ति नभएसम्म उसको आत्माको ज्ञान निरन्तर बढ्दै जान्छ।

**दह्यन्ते ध्मायमानानां धातूनां हि यथा मलाः।**
**तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात्॥**

—मनुस्मृति ३।७२

यो मनुस्मृतिको श्लोक हो। अग्निमा पोल्दा सुन आदि धातुहरूका मल नष्ट भएर शुद्ध भए जस्तै प्राणायाम गर्नाले मन आदि इन्द्रियहरूका दोष क्षीण भएर निर्मल हुन्छन्।

**प्राणायामको विधि—**

**प्रच्छर्दनविधारणाभ्यां वा प्राणस्य।** —योगसूत्र १।३४

जसरी वान्ता हुँदा पेटभित्रको अन्न–पानी अत्यन्त वेगले बाहिर निस्कन्छ, त्यसैगरी प्राणलाई बलपूर्वक बाहिर निकालेर यथाशक्य बाहिरै रोक्नुपर्छ। श्वास लिनैपर्ने जस्तो लागेमा मूलेन्द्रियलाई मास्तिर तानेर फेरि बाहिर फाल्नुपर्छ। मूलेन्द्रियलाई तानिराखेसम्म श्वास बाहिर रहन्छ। यसरी श्वास धेरै बेरसम्म बाहिर रहन सक्तछ। कठिनाइ अनुभव हुन थाल्दा बिस्तारै वायु भित्र तानेर सामर्थ्य र इच्छा अनुसार त्यही क्रम दोहोर्याउनु पर्छ। मनमाचाहिं **'ओ३म्'** को जप गर्दै जानुपर्छ। यसो गर्नाले आत्मा र मन पवित्र र स्थिर हुन्छन्। पहिलो 'बाह्यविषय' अर्थात् बाहिरै बढी रोक्नु, दोस्रो **'आभ्यन्तर'** अर्थात् भित्र प्राणलाई जति रोक्न सकिन्छ त्यति रोक्नु, तेस्रो **'स्तम्भवृत्ति'** अर्थात् एकैपल्ट प्राणलाई जहाँको तहाँ यथाशक्ति रोक्नु, र चौथो 'बाह्यान्तराक्षेपी' अर्थात् श्वास भित्रबाट बाहिर निस्कन लाग्दा निस्कन नदिन प्राण बाहिरबाट भित्र लिनु र बाहिरबाट भित्र आउन लाग्दा भित्रबाट श्वासलाई बाहिर तर्फ धक्का दिएर रोक्दै जानु, यसरी एक अर्काको विपरीत क्रिया गर्ने गर्नाले दुवैको गति रोकिएर प्राण आफ्नो वशमा हुनाले मन र इन्द्रियहरू पनि स्वाधीन हुन्छन्। बल पुरुषार्थ बढेर बुद्धि तीव्र, सूक्ष्मरूप अनि धेरै कठिन र सूक्ष्म विषयलाई पनि शीघ्र ग्रहण गर्न सक्ने हुन्छ। यसबाट



PDFill PDF Editor with Free Writer and Tools

मनुष्यको शरीरमा वीर्य वृद्धि भएर ऊ बलवान्, पराक्रमी, जितेन्द्रिय र सबै शास्त्रलाई थोरै समयमा बुझ्न सक्ने हुन्छ। महिलाले पनि यस्तै प्रकारले योगाभ्यास गर्नु पर्दछ।


खान, पान, पहिरन, बसउठ् गर्ने, बोलचाल गर्ने र साना–ठूलासँग यथायोग्य व्यवहारगर्न पनि उपदेश दिनुपर्छ।

सन्ध्योपासन, यसलाई ब्रह्मयज्ञ पनि भन्दछन्। कण्ठदेखि हृदयसम्म पुग्नेगरी, न धेरै न थोरै पानी हत्केलामा लिएर हत्केलाको मूलमा ओठ लगाएर आचमन गर्नुपर्छ। यसले कण्ठको कफ र पित्तको केही नाश हुन्छ। त्यसपछि मार्जन अर्थात् माझी र साहिंली औंलाको टुप्पोले नेत्र आदि अङ्गहरूमा जल छर्कनुपर्छ। यसो गर्दा आलस्य हट्दछ। आलस्य नभए अथवा पानी उपलब्ध नभए नगरे पनि हुन्छ। यसपछि मन्त्र समेतको प्राणायाम, मनले परिक्रमा, उपस्थान अनि परमेश्वरको स्तुति, प्रार्थना र उपासनाको तरीका सिकाउनु पर्छ। त्यसपछि 'अघमर्षण' अर्थात् पाप गर्ने इच्छा पनि कहिल्यै गर्नुहुन्न। यो सन्धोपासन एकान्त ठाउँमा एकाग्रचित भएर गर्नुपर्छ।



**अपां समीपे नियतो नैत्यकं विधिमाश्रितः।**
**सावित्रीमप्यधीयीत गत्वारण्यं समाहितः॥**

—मनुस्मृति २.१०४

यो मनुस्मृतिको भनाइ हो। वनमा अर्थात् एकान्त स्थानमा गएर सावधानीपूर्वक, पानी नजीकमा बसेर नित्यकर्म गर्दै सावित्री अर्थात् गायत्री मन्त्र उच्चारण, अर्थज्ञान र त्यस अनुसार आफ्नो चालचलनलाई बनाउनु पर्छ, तर यो जप मनमनै गर्नु राम्रो हुन्छ।

**दोस्रो देवयज्ञ**—यो अग्निहोत्र र विद्वानहरूको सँगति तथा सेवा गर्नु हो। सन्ध्या र अग्निहोत्र बिहान–वेलुकी दुई समयमात्र गर्नुपर्छ। दिन र रातको सन्धिवेला दुईमात्र छन्। कम्तीमा एक घण्टा ध्यान अवश्य गर्नुपर्छ। जसरी समाधिस्थ भएर योगीहरू परमात्माको ध्यान गर्दछन्, त्यसैगरी सन्ध्योपासना पनि गर्ने बानी बसाल्नु पर्छ। यस्तै अग्निहोत्र गर्ने समय पनि सूर्योदय पछि र सूर्यास्त भन्दा अगावै हो। यस निम्ति एउटा कुनै धातु अथवा माटोमाथि १२ वा १६ अँगुल चारपाटे, त्यत्ति नै गहिरो र पिंधमा ३ वा ४ अँगुल नाप भएको वेदी  यसरी बनाउनु पर्छ अर्थात् माथिजत्ति फराकिलो छ त्यसको चौथाइ तल पिंधमा रहोस्। त्यसमा श्रीखण्ड, पलास वा आँप आदि उत्तम काठका टुक्रा वेदीको परिमाण अनुसार साना–ठूला गरेर राख्नु



पर्छ। त्यसको माझमा अग्नि राखिर फेरि त्यसमा समिधा अर्थात् पूर्वोक्त दाउरा राख्नु पर्छ। एउटा प्रोक्षणीपात्र , एउटा प्रणीतापात्र , एउटा  आज्यस्थली अर्थात् घ्यूराख्ने भाँडो र एउटा  चम्चा सुन, चाँदी वा काठको तयार गरेर प्रणीता र प्रोक्षणीमा जल र घृतपात्र घ्यू राखेएर तताउनुपर्छ। प्रणीता पानी राख्न र प्रोक्षणी हात धुंदा पानी लिन सजिलाको लागि हो। पछि त्यस घ्यूलाई राम्ररी हेरेर यी मन्त्रहरूले होम गर्नुपर्छ।

**ओं भूरग्नये प्राणाय स्वाहा। भूवर्वायवेऽपानाय स्वाहा। स्वरादित्याय व्यानाय स्वाहा। भूर्भुवः स्वरग्निवाय्वादित्येभ्यः प्राणापानव्यानेभ्य स्वाहा॥**

इत्यादि अग्निहोत्रका प्रत्येक मन्त्रलाई पढेर एक एक आहुति दिनुपर्छ। धेरै आहुति दिनुपर्छ भने—

**विश्वानि देव सवितर्दुरितानि परा सुव। यद्भद्रं तन्न आ सुव॥**

यस मन्त्र र पूर्वोक्त गायत्री मन्त्रले आहुति दिनुपर्छ। 'ओ' 'भूः' र 'प्राण' आदि यी सबै नाम परमेश्वरका हुन्। यिनको अर्थ भनिसकिएको छ। 'स्वाहा' शब्दको अर्थ जस्तो ज्ञान आत्मामा छ त्यस्तै जिब्रोले बोल्नु, विपरीत नबोल्नु हो। जसरी परमेश्वरले सबै प्राणिहरूका सुखका निम्ति यी सबै जगत्का पदार्थहरू रचेको छ त्यस्तै मानिसले पनि परोपकार गर्नु गर्दछ।

**प्रश्न**—होमबाट के उपकार हुन्छ?

**उत्तर**—दुर्गन्धयुक्त वायु र जलबाट रोग, रोगबाट प्राणिहरूलाई दुःख, त्यस्तै सुगन्धित वायु तथा जलबाट आरोग्य र रोगनष्ट हुनाले सुख प्राप्त हुन्छ भन्ने कुरा सबैलाई थाहा छ।

**प्रश्न**—श्रीखण्ड आदि घसेर कसैलाई लगाउन दिए अथवा घ्यू खान दिएमा ठूलो उपकार हुन सक्थ्यो। आगोमा हालेर व्यर्थ नष्ट गर्नु बुद्धिमान व्यक्तिहरूको काम होइन।

**उत्तर**—तिमीले पदार्थ विद्या जानेका भए यस्ता कुरा गर्ने थिएनौ। किनभने कुनै द्रव्यको अभाव हुँदैन। हेर, जहाँ होम हुन्छ त्यहाँ भन्दा टाढा बसेका व्यक्तिहरूले पनि बास्ना लिन पाउँछन्, त्यस्तै दुर्गन्ध पनि लिइन्छ। अग्निमा हालेको पदार्थ सूक्ष्म भई फैलिएर वायुसँग टाढा–टाढा पुगेर दुर्गन्ध हटाउँछ भन्ने कुरा यत्तिकैबाट बुझ्नु पर्छ।



PDFill PDF Editor with Free Writer and Tools

**प्रश्न**—यस्तो हो भने केसर, कस्तुरी, सुगन्धित पुष्प र अत्तर आदि घरमा राख्नाले वायु सुगन्धित भई सुखकारक हुँदैन र?

**उत्तर**—त्यस सुगन्धमा घर भित्रका वायुलाई बाहिर निकालेर शुद्ध वायु प्रवेश गराउने सामर्थ्य हुँदैन। किनभने त्यसमा भेदक शक्ति हुँदैन। त्यस वायु र दुर्गन्धयुक्त पदार्थलाई छिन्न भिन्न र हलुको गरेर बाहिर निकालेर पवित्र वायु भित्र प्रवेश गराउने सामर्थ्य अग्निमा मात्र छ।

**प्रश्न**—मन्त्र पढेर होम गर्नुको चाहिं के प्रयोजन हो त?

**उत्तर**—मन्त्रका व्याख्याबाट होमबाट हुने फाइदाको ज्ञान हुन्छ। मन्त्रहरूलाई बारबार उच्चारण गर्दा ती याद रहन्छन्। वेद पुस्तकहरूको पठन–पाठन र रक्षा पनि हुन्छ।

**प्रश्न**—के होम नगर्दा पाप लाग्छ?

**उत्तर**—हो, लाग्दछ। किनभने जुन मानिसका शरीरबाट जति दुर्गन्ध उत्पन्न भई वायु र जललाई विगारेर रोग उत्पत्तिको कारण भएर प्राणिहरूलाई दुःख दिन्छ,त्यत्ति नै पाप त्यस मानिसलाई लाग्दछ। यसकारण पाप निबारणका निम्ति त्यत्ति वा त्यो भन्दा बढी सुगन्ध वायु र जलमा फैलाउनु पर्दछ। ख्वाउने पिलाउने गर्दा त्यसै एक व्यक्ति विशेषलाई मात्र एक प्रकारको सुख हुन्छ। त्यति द्रव्य होमबाट लाखौं मानिसहरूलाई उपकार हुन्छ। तर मानिसहरूले घ्यू आदि उत्तम पदार्थ नखाएमा शरीर र आत्माको बलकै उन्नति हुन सक्तैन। यसकारण राम्रा पदार्थहरू ख्वाउनु पियाउनु पनि पर्दछ परन्तु त्यसभन्दा बढी होम गर्नुपर्दछ। यसैकारण होम गर्नु अत्यावश्यक छ।

**प्रश्न**—प्रत्येक मानिसले कति आहुति होम गर्नुपर्छ र प्रत्येक आहुतिको मात्रा के कति हो?

**उत्तर**—प्रत्येक मानिसेले कम्तिमा छ छ माशा घ्यू आदिको एक आहुति गरी कम्तिमा सोह्र आहुति होम गर्नुपर्दछ र यसभन्दा बढी गरेमा अझ राम्रो हुन्छ। यसैले आर्यवरशिरोमणि महाशयहरू, ऋषि–महर्षि, राजा–महाराजाहरू धेरै–धेरै होम गर्दथे र गराउँदथे। जबसम्म होम गर्न प्रचार रह्यो तबसम्म आर्य्यावर्त्तदेश रोगरहित र सुखले भरिपूर्ण थियो। अब पनि प्रचार भएमा त्यस्तै हुनसक्ने छ।

यी दुई यज्ञ अर्थात् 'ब्रह्म यज्ञ'—पढ्नु–पढाउनु, सन्ध्योपासन, ईश्वर स्तुति, प्रार्थना उपासना, अर्को 'देव यज्ञ'—अग्निहोत्र देखि अश्वमेधसम्म यज्ञ र विद्वान्हरूलाई सेवा, संगति गर्नु हो। तर ब्रह्मचर्यमा ब्रह्मयज्ञ र अग्निहोत्र मात्र गर्नुपर्ने हुन्छ।



**ब्राह्मणस्त्रयाणां वर्णानामुपनयनं कर्त्तुमर्हति।**
**राजन्यो द्वयस्य। वैश्यो वैश्यस्येवेति।**
**शूद्रमपि कुलगुणसम्पन्नं मन्त्रवर्जमनुपनीतमध्यापयेदित्येके॥**

यो सुश्रुत सूत्रस्थान दोस्रो अध्यायको वचन हो। ब्राह्मणले ब्राह्मण, क्षत्रिय र वैश्य यी तिनै वर्णलाई , क्षत्रियले क्षत्रिय र वैश्यलाई तथा वैश्यले वैश्यलाई मात्र यज्ञोपवीत गराएर पढाउन सक्तछ। शूद्र पनि कुलीन र शुभलक्षणयुक्त छ भने त्यसलाई मन्त्रसहिता बाहेक सबै शास्त्र पढाउनुपर्छ। शूद्र पढोस् तर उसको उपनयन नगर्नु भन्ने केही आचार्य्यहरूको विचार छ। पाँचौ वा आठौं वर्ष देखि केटालाई केटाहरूको पाठशालामा र केटीलाई कन्या पाठशालामा पढ्न पठाइदिनुपर्छ। साथै ती निम्नलिखिन नियमपूर्वक अध्ययन आरम्भ गरून्—

**षट्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैवैदिकं व्रतम्।**
**तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा॥**

—मनु० ३।१

**अर्थ**—आठौं वर्ष पछि छत्तीसौं वर्षसम्म अर्थात् प्रत्येक वेद साङ्गोपाङ्ग अध्ययन बाह्रवर्ष लगाए जम्मा छत्तीस वर्ष र आरम्भका आठ जोड्दा चवालीस, छ छ वर्ष लगाए अठार र आठ छब्बीस अथवा नौ वर्ष र पूर्ण विद्या ग्रहण नभएसम्म ब्रह्मचर्य पालन गर्नुपर्छ।

**पुरुषो वाव यज्ञस्तस्य यानि चतुर्विंशति वर्षाणि तत्प्रातः सवनं चतुर्विंशत्यक्षरा गायत्री गायत्रं प्रातः सवनं तदस्य वसोवोऽन्वायत्तः प्राण वाव वसव एते हीदं सर्वं वासयन्ति॥ १॥**

**तञ्चेदेतस्मिन् वयसि किञ्चिदुपतपेत्स ब्रु यात्प्राणा वसव इदं मे प्रातः सवनं माध्यन्दिनं सवनमनुसंतनुतेति माहं प्राणानं वसूनां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति॥ २॥**

**अथ यानि चतुश्चत्वारिंशद्वर्षाणि तन्माध्यन्दिनं सवनं चतुश्चत्वारिंशदक्षरा त्रिष्टुप्त्रैष्टुभं माध्यन्दिनं सवनं तदस्य रुद्रा अन्वायत्ताः प्राणा वांव रुद्रा एते हीदं सर्वं रोदयन्ति॥ ३॥**

**तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा रुद्रा इदं मे माध्यन्दिनं सवनं तृतीय सवनमनुसन्तनुतेति माहं प्राणानां रुद्राणां मध्ये यज्ञो वा विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति॥ ४॥**

**अथ यान्यष्टाचत्वारिंशद्धर्षाणि तत्तृ तीयसवनमष्टाचत्वा–रिंशदक्षरा जगती जागतं तृतीय सवनं तदस्यादित्या अन्वायत्ताः प्राणा वावादित्या एते हीदं सर्वमाददते॥ ५॥**



PDFill PDF Editor with Free Writer and Tools

**तं चेदेतस्मिन् वयसि किञ्चिदुपतपेत्स ब्रु यात् प्राण आदित्या इदं मे तृतीयसवनमायु रनुसंतनुतेति माहं प्राणानामादित्यानां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो हैव भवति ॥ ६ ॥**

यी छान्दोग्य उपनिषद्का भनाइ हुन्। ब्रह्मचर्या तीन प्रकार का हुन्छन्—कनिष्ठ, मध्यम र उत्तम। कनिष्ठ—पुरुष पुरि अर्थात् अन्न र समय शरीरमा बस्ने जीवात्मा यज्ञ अर्थात् धेरै शुभगुयुक्त र सत्कर्तव्यवाला हो। यसले २४ वर्ष सम्म जितेन्द्रिय अर्थात् ब्रह्मचारी रहेर वेदादि विद्या र सुशिक्षा ग्रहण गरेर विवाह पछि पनि लम्पटता नगरेमा शरीरमा प्राण बलवान् भई सबै शुभगुण निवास गर्दछन् ॥ १ ॥ पहिलो उमेरमा शरीरलाई विद्याभ्यासमा सन्तप्त गर्नु र आचार्यले पनि त्यस्तै उपदेश गर्नुपर्छ। ब्रह्मचारीले पनि पहिलो अवस्थामा ठीक–ठीक ब्रह्मचर्यपूर्वक रहेमा मेरो शरीर र आत्मा आरोग्य, बलवान् भई मेरो प्राण शुभगुण सम्पन्न हुनेछ भन्ने कुराको हेक्का राख्नु पर्दछ। हे मानव, तिमीहरू यस्तो प्रकारले सुखको विस्तार गर, जसबाट आफू ब्रह्मचर्यको लोप नगर्ने बन्न सकौं। मैने २४ वर्ष पछि गृहस्थाश्रममा प्रवेश गरेमा म रोगरहित हुनेछु र मेरो आयु पनि ७० वा ८० वर्ष रहने छ भन्ने कुरा बुझ्नु पर्छ ॥ २ ॥

मध्यम ब्रह्मचर्य—मानिसले ४४ वर्षसम्म ब्रह्मचारी रहेर वेदाभ्यास गर्नु हो। यसो गर्नेको प्राण इन्द्रियहरू, अन्तः करण र आत्मा बलवान् भै दुष्टहरूलाई रुवाउने र श्रेष्ठहरूलाई पालन गर्ने हुन्छ ॥ ३ ॥ तपाईंले भने अनुसार मैले यसै प्रथम अवस्थामा केही तपश्चर्या गरेको खण्डमा मेरो यो रुद्ररूप प्राणयुक्त लोप हुन नदिई, यज्ञ स्वरूप, रोगरहित भई आचार्य–कुलबाट ब्रह्मचारीले गर्ने राम्रा कार्यहरू गर्ने भएर आएजस्तै तिमीहरू पनिगर्ने गर ॥ ४ ॥

उत्तम ब्रह्मचर्य ४८ वर्ष सम्मको हुन्छ। ४८ अक्षरको जगती छन्द जस्तै ४८ वर्षसम्म यथावत् ब्रह्मचर्य धारण गर्नेको प्राण अनुकूल भई उसले सकल विद्याहरूलाई ग्रहण गर्दछ ॥ ५ ॥ जुन आचार्य र माता पिता आफ्ना सन्तानलाई प्रथम अवस्थामा विद्या र गुण ग्रहणका लागि तपस्वी बनाउँछन् र तपस्विताकै उपदेश गर्दछन्, ती सन्तान स्वतः नै अखण्डित ब्रह्मचर्यसेवनबाट तेस्रो उत्तम ब्रह्मचर्य सेवन गरेर पूर्ण अर्थात् चार सय वर्षसम्म आयु बढाउँछन्। त्यस्तै तिमीहरू पनि बढाओ। किनभने यस ब्रह्मचर्यलाई प्राप्त गरेर लोप हुन नदिने मानिस सबै किसिमका रोगरहित भई धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्दछन् ॥ ६ ॥

**चतस्रोऽवस्थाः शरीरस्य वृद्धिर्यौवनं सम्पूर्णता किञ्चित्**



**परिहामिश्चेति। आषोडशाद्वृद्धिः। आपञ्चविंशतेयौवनम्। आचत्वारिंशतः सम्पूर्णता। ततः किञ्चित्परिहाणिश्चेति।**

**पञ्चविंशे ततो वर्षे पुमान् नारी तु षोडशे। समत्वागतवीर्यौ तौ जानीयात्कुशलो भिषक् ॥**

यो सुश्रुत सूत्रस्थानको वचन हो। यस शरीरका चार अवस्था हुन्छन्। पहिलो वृद्धि सोह्रौं वर्षदेखि पच्चिसौं वर्षसम्म सबै धातुहरू वृद्धि हुँदै जान्छ। दोस्रो यौवन–पच्चिसौं वर्षको अन्त र छब्विसौं वर्षका आदिमा युवावस्था आरम्भ हुन्छ। तेस्रो सम्पूर्णता—पच्चिसौं वर्षदेखि चालिसौं वर्षसम्म सबै धातुहरू पुष्टि हुन्छ। चौथो किञ्चित्परिहाणि—शरीरका सबै धातु साङ्गोपाङ्ग पुष्ट भई पूर्ण भई सकेपछि बढ्ने धातु शरीरमा नरही स्वप्न, पसीना आदि द्वारा बाहिर निस्कन्छ। यही ४० औंवर्ष विवाहको उत्तम समय हो अर्थात् सर्वोत्तम त अड्चालिसौं वर्षमा विवाह गर्नु राम्रो हुन्छ।

**प्रश्न**—के यो ब्रह्मचर्य नियम स्त्री वा पुरुष दुवैलाई समान नै छ?

**उत्तर**—होइन, २५ वर्षसम्म पुरुषले ब्रह्मचर्य पालन गरेमा १६ वर्षसम्म कन्याले, पुरुष ३० वर्षसम्म ब्रह्मचारी रहेमा स्त्री १७ वर्ष, पुरुष ३६ वर्ष सम्म रहे देखि स्त्री १८ वर्ष, पुरुष ४० वर्ष ब्रह्मचारी रहेदेखि स्त्री २० वर्ष, पुरुष ४४ वर्षसम्म ब्रह्मचर्य पालन गर्ने भए स्त्री २२ वर्ष र पुरुष ४८ औं वर्षसम्म ब्रह्मचर्य पालन गर्ने भए स्त्री २४ वर्ष सम्म ब्रह्मचर्य पालन गर्ने हुनुपर्दछ। ४८ वर्ष पछि पुरुष र २४ औं वर्षपछि स्त्रीले ब्रह्मचर्यमा बस्नु हुँदैन। तर यो नियम विवाह गर्ने पुरुष र स्त्रीका लागी हो। कोही विवाह गर्नै नचाहेर मरणपर्यन्त ब्रह्मचारी रहन सक्ने भए रहेपनि हुन्छ, तर यो काम पूर्ण विद्यावान् जितेन्द्रिय र निर्दोष योगी स्त्री वा पुरुषको हो। काम वेगलाई थामेर इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्नु धेरै गाह्रो काम हुन्छ।

**ऋतं च स्वाध्यायप्रवचने च। सत्यं च स्वाध्यायप्रवचने च। तपश्च स्वाध्यायप्रवचने च। दमश्च स्वाध्यायप्रवचने च। शमश्च स्वाध्यायप्रवचने च। अग्नयश्च स्वाध्यायप्रवचने च। अग्निहोत्रं च स्वाध्यायप्रवचने च। अतिथयश्च स्वाध्यायप्रवचने च। मानुषं च स्वाध्यायप्रवचने च। प्रजा च स्वाध्यायप्रवचने च। प्रजनश्च स्वाध्यायप्रवचने च। प्रजातिश्च स्वाध्यायप्रवचने च।**

यो तैत्तिरीयोपनिषद्को वचन हो। यी नियम पढ्ने–पढाउनेहरूका लागि हुनः—**( ऋतं० )** यथार्थ आचरणले पढ्ने–पढाउनु, **( सत्यं० )**



PDFill PDF Editor with Free Writer and Tools

सत्याचारले सत्य विद्याहरूलाई पढ्नु–पढाउनु, **( तप० )** तपस्वी अर्थात् धर्मानुष्ठान गर्दै पढ्नु र पढाउनु, **( दम० )** बाह्य इन्द्रियहरूलाई खराब आचरणबाट रोकेर पढ्नु–पढाउनु, **( शम:० )** मनको वृत्तिलाई सबै किसिमका दोषबाट हटाएर पढ्नु–पढाउनु, **( अग्नय:० )** आहवनीय आदि अग्नि र विद्युत् आदिलाई बुझेर पढ्नु–पढाउनु, **( अग्निहोत्रं० )** अग्निहोत्र गर्दै पढ्नु–पढाउनु, **( अतिथय:० )** अतिथिहररूलाई सेवा गर्दै पढ्नु–पढाउनु, **( मानुषं० )** मानिस सम्बन्धी व्यवहारलाई यथायोग्य बुझेर पढ्नु–पढाउनु, **( प्रजा० )** सन्तान र राज्य पालन गर्दै पढ्नु–पढाउनु, **( प्रजन० )** वीर्य रक्षा र वृद्धि गर्दै पढ्नु–पढाउनु र **( प्रजाति:० )** आफ्ना सन्तान र शिष्यलाई पालन गर्दै पढ्नु–पढाउनु पर्छ।

**यमान् सेवेत सततं न नियमान् केवलान् बुध:।**
**यमान् पतत्यकुर्वाणो नियमान् केवलान् भजन्॥** —मनु ४।२०४

यम पाँच प्रकारका हुन्छन्—

**तत्राहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमा:॥** —योगसूत्र २।३०

अर्थात् **( अहिंसा )** वैरत्याग, **( सत्य )** सत्य मान्नु, सत्य बोल्नु र सत्य नै गर्नु, **( अस्तेय )** मन, वचन र कर्मले चोरी त्याग, **( ब्रह्मचर्य )** उपस्थेन्द्रिय संयम र **( अपरिग्रह )** अत्यन्त लोलुपता र स्वाभिमानरहित हुनु, यी पाँच यम सेवनसदा गर्नुपर्छ। केवल नियम मात्र सेवन गर्नु हुँदैन्। अर्थात्—

**शौचसन्तोषतप: स्वाध्यायेश्वरप्रणिधानानि नियमा:॥**

—योगसूत्र २।३२

**( शौच )** स्नान आदिबाट पवित्रता, **( सन्तोष )** राम्री प्रसन्न भएर पनि उद्यम नगर्नु सन्तोष भनिदैन, सकेसम्म पुरुषार्थ गर्दैजानु, लाभ हानिमा हर्ष वा शोक नगर्नु, **( तप: )** कष्ट सहेर पनि धर्मयुक्त कर्म गर्दै जानु, **( स्वाध्याय )** पढ्नु–पढाउनु, **( ईश्वरप्रणिधम )** ईश्वरको विशेष भक्ति गरेर आत्मालाई समर्पित गर्नु, यी पाँच नियम भनिन्छन्। यमलाई छोडेर नियमको मात्र पालन गर्नु हुन्न। यी दुवै पालन गर्ने गर्नुपर्छ। यमलाई त्यागेर नियम मात्र सेवन गर्ने व्यक्ति उन्नति गर्न सक्तैन। त्यो त अधोगति अर्थात् संसार चक्रमै दु:ख पाइरहन्छ।

**कामात्मता न प्रशस्त न चैवेहास्त्यकामता।**
**काम्यो हि वेदाधिगम: कर्मयोगश्च वैदिक:॥**

—मनु० २।२

धेरै कामातुरता र निष्कामता दुवै नै कसैका लागि पनि राम्रो



हुँदैन। किनभने कामना नै नगरेमा वेद ज्ञान र वेदमा भनिएका जस्ता उत्तम कर्म कुनैबाट पनि हुनसक्ने छैनन्। यसैले—

**स्वाध्येन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतै:।**
**महायज्ञैश्य ब्रह्मीयं क्रियते तनु:॥**

—मनु० २।२८

**( स्वाध्याय )** सबै विद्या पढ्ने–पढाउने, **( व्रत )** ब्रह्मचर्य र सत्य भाषण आदि नियम पालन गरेर, **( होम )** अग्निहोत्र आदि होम, सत्यको ग्रहण, असत्य त्याग र सत्य विद्या दान गरेर **( त्रैविद्येन )** वेदमा भनिएका कर्म, उपासना, ज्ञान—विद्यालाई ग्रहण गरेर **( इज्यया )** औंसी पूर्णिमामा गरिने यज्ञ आदि गरेर **( सुतै: )** राम्रा सन्तान जन्माएर, **( महायज्ञै: )** ब्रह्म, देव, पितृ, वैश्वदेव र अतिथिहरूलाई सेवारूपी पञ्च महायज्ञ गरेर र **( यज्ञ: )** अग्निष्टोम आदि तथा शिल्प विद्या–विज्ञान आदि यज्ञहरू सेवन गरेर यस शरीरलाई ब्रह्मी अर्थात् वेद र परमेश्वर भक्तिको आधारूप ब्राह्मण शरीर बनाउनु पर्छ। यति साधनहरू बिना ब्राह्मण शरीर बन्न सक्तैन।

**इन्द्रियणां विचरतां विषयेष्वपहारिषु।**
**संयमे यत्नमातिष्ठेद्विद्वान् यन्तेव वाजिनाम्॥**

—मनु० २।८८

जसरी योग्य सारथि घोडालाई आफ्नो नियममा राख्तछ त्यसै गरी मन र आत्मालाई कुकर्मतर्फ लगाउने विषयमा लागिरहने इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्न सधैं प्रयत्न गरि रहनुपर्छ। किनभने—

**इन्द्रियाणं प्रसङगेन देषमृच्छत्यसंशयम्।**
**सन्नियम्य तु तान्येव तत: सिद्धिं नियच्छति।**

—मनु० २।९३

इन्द्रियहरूका अधीन भएर जीवात्मा ठूला ठूला दोष संगाल्छ, इन्द्रियहरूलाई आफ्नो वशमा राख्यो भने सिद्धि प्राप्त गर्दछ।

**वेदास्त्यागाश्च यज्ञाश्च नियमाश्च तपांसि च।**
**न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित्॥**

—मनु० २.९७

इन्द्रियहरूलाई आफ्नो वशमा नराख्ने, दुष्टाचारी व्यक्तिलाई वेद, त्याग, यज्ञ नियम,तप र राम्रा काम सिद्धि कहिले पनि हुँदैनन्।

**वेदोपकरणे चैव स्वाध्याये चैव नैत्यके।**
**नानुरोधोऽस्त्यनध्याये होममन्त्रेषु चैव हि॥१॥**



PDFill PDF Editor with Free Writer and Tools

**नैत्यके नास्त्यनध्यायो ब्रह्मसत्रं हि तत् स्मृतम्।**
**ब्रह्माहुतिहुतं पुण्यमनध्यायवषट्कृतम्॥ २॥**

—मनु० २।१०५, १०६

वेद पढ्ने–पढाउने, सन्ध्योपासना आदि पञ्च महायज्ञ गर्ने र होमका मन्त्रहरूका बारेमा कुनैपनि कारणले छेकवार हुँदैन अर्थात् यी कार्य सधैं गर्नुपर्छ, यिनीहरू अनध्याय उचित हुन्न॥ १॥ किनभने नित्यकर्ममा छेकवार हुँदैन। जसरी श्वास प्रश्वास सधैं लिइन्छ, बन्द गरिंदैन त्यस्तै नित्यकर्म दिनहुँ गर्नुपर्छ, कुनैदिन छोड्नु हुन्न। किनभने अग्निहोम आदि उत्तमकर्म अनध्यायमा गरिएर पनि पुण्य फलदिने हुन्छन्। झूठ बोल्दा सदा पाप र सत्य बोल्दा सदा पुण्य हुने भएजस्तै खराब कार्यमा सदा अनध्याय र असल कार्य गर्न सदा स्वाध्याय हुन्छ।

**अभिवादनशीलस्य नित्यं वृद्धोपसे विनः।**
**चत्वारि तस्य वर्धन्त आयुर्विद्या यशो बलम्॥**

—मनु० २।१२१

सदा नम्र, सुशील, विद्वान् र वृद्धलाई सेवा गर्नेको आयु, विद्या कीर्ति र बल यी चार सदै बढ्दै जान्छन् र यसो नगर्नेको आयु आदि चाडैं बढ्दैनन्।

**अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम्।**
**वाक् चैव मधुराश्लक्ष्ण प्रयोज्या धर्ममिच्छता॥ १॥**
**यस्य वाङमनसे शुद्धे सम्यग्गुप्ते च सर्वदा।**
**सवै सर्वमवाप्नोति वेदान्तोपगतं फलम्॥ २॥**

—मनु० २।१५९, १६०

विद्वान् र विद्यार्थीहरूले वैरबुद्धि त्यागेर मानिसहरूलाई कल्याण मार्गको उपदेश गर्नुपर्छ। उपदेश दिनेले सधैं मधुर, सुशीलतायुक्त वाणी बोल्नु पर्दछ। धर्मको उन्नति चाहनेले सदा सत्य मार्गमा हिंड्नु र सत्यकै उपदेश गर्नुपर्छ॥ १॥ वाणी र मन शुद्ध र सुरक्षित भएको मानिसले नै वेदान्त अर्थात् सबै वेदको सिद्धान्तरूपी फल प्राप्त गर्दछ॥ २॥

**सम्मानाद् ब्राह्मणो नित्यमुद्विजेत विषादिव।**
**अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा॥**

—मनु०२।१६२

प्रतिष्ठालाई विषयजस्तो ठानेर त्यसदेखि डराउने र अपमानलाई अमृतसमान चाहने ब्रह्मण नै समग्र वेद र परमेश्वरलाई जान्ने हुन्छ।



**अनेन क्रमयोगेन संस्कृतात्मा द्विजः।**
**गुरौ वसन् संचिनुयाद् ब्रह्माधिगमिकं तपः॥**

—मनु० २.१६४

यस्तै तरीकाले उपनयन भईसकेका द्विज ब्रह्मचारी कुमार र ब्रह्मचारिणी कन्याले बिस्तार बिस्तार वेदार्थको ज्ञानरूप उत्तम तपलाई बढाउँदै जानुपर्छ।

**योऽनधीत्य द्विज वेदमन्यत्र कुरुते श्रमम्।**
**स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वायः॥**

—मनु० २।१६८

जो द्विज वेद नपढेर अन्यत्र श्रम गर्दछ, त्यो शीघ्र नै पुत्र–पौत्र सहित शूद्र हुन पुग्दछ।

**वर्जयेन्मधुमांसञ्च गन्धं माल्यं रसान् स्त्रियः।**
**शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम्॥ १॥**
**अभ्यङ्गमञ्जनं चाक्षणोरुपानच्छत्रधारणम्।**
**कामं क्रोधं च लोभं च नर्त्तनं गीतवादनम्॥ २॥**
**द्युतं च जनवादं च परिवादं तथाऽनृतम्।**
**स्त्रीणां च प्रेक्षणालम्भमुपघातं परस्य च॥ ३॥**
**एकः शयीत सर्वत्र न रेतः स्कन्दयेत् क्वचित्।**
**कामाद्धि स्कन्दयन् रेतो हिनस्त्रि व्रतमात्मनः॥ ४॥**

—मनु० २।१७७–१८०

ब्रह्मचारी र ब्रह्मचारिणीले मद्य, मासु, गन्ध, माला, रस, स्त्री र पुरुषको संगत, सबै अमिलो–पिरो, प्राणीहरू हिंसा॥ १॥ शरीरका अङ्गहरू मालिस, उचित कारण नभई उपस्थेन्द्रिय स्पर्श, आँखामा गाजल, जुत्ता र छाता धारण गर्न, काम, क्रोध, लोभ, मोह, भय, शोक, ईर्ष्या, द्वेष, नाच, गान, बाजा बजाउन॥ २॥ जुआ, कसैको कथा, निन्दा, झूठ बोल्न, स्त्री वा पुरुषको दर्शन, आश्रय, अर्काको हानि–नोक्सानी आदि कुकर्मलाई सधैं छोड्नुपर्छ॥ ३॥ सदै सर्वत्र एक्लै सुत्नुपर्छ र कहिल्यै वीर्यस्खलित हुन दिनुहुन्न। कामना गरेर विर्यस्खलित गरेमा आफ्नो ब्रह्मचर्यव्रत नष्ट गरेको ठान्नुपर्छ।

**वेदमनूच्यार्योऽन्तेवासिनमनूशास्ति। सत्यं वद। धर्मं चर। स्वाध्यान्मा प्रमदः। आचार्य्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः। सत्यान्न प्रमदितव्यम्। धर्मान्न प्रमदितव्यम्। कुशलान्न प्रमदितव्यम्। स्वाध्यायप्रवचनाभ्यां न प्रमदिव्यम्। देवपितृकार्य्याभ्यां**



PDFill PDF Editor with Free Writer and Tools

**न प्रमदितव्यम्॥ १ ॥**

**मातृदेवो भव। पितृदेवो भव। आचार्य्यदेवो भव। अतिथिदेवो भव। यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि नो इतराणि। यान्यस्माक सुचरितानि तानि त्वयोपास्यानि न इतराणि॥ २ ॥**

**ये के चास्मच्छेयांसो ब्राह्मणास्तोषां त्वयासनेन प्रश्वसितव्यम्। श्रद्धयादेयम्। अश्रद्धयादेयम्। श्रिया देयम्। ह्रियादेयम्। भिया देयम्। संविदा देयम्॥ ३ ॥**

**अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात् ये तत्र ब्राह्मणाः समदर्शिनो युक्ता अयुक्ता अलूक्षाः धर्मकामाः स्युर्यथाते तत्र वर्त्तेरन्। तथा तत्र वर्त्तेथाः॥ ४ ॥**

**एष आदेश, एष उपदेश, एषा वेदोपनिषत्। एतदनुशासनम्। एवमुपासितव्यम्। एवमु चैतदुपास्यम्॥ ५ ॥**

—तैत्तिरीय० उ० शिक्षा० ११

गुरूले आफ्ना शिष्य र शिष्याहरूलाई यस्तो उपदेश दिनुपर्छ—तिमी सदा सत्य बोल्ने गर। धर्मानुसार आचरण गर। आलस्य प्रमाद नगरी पढ र पढाऊ। पूर्ण ब्रह्मचर्य पालन गर्दै समस्त विद्या प्राप्त गर, आचार्यका लागि प्रिय धन दिएर विवाह गर र सन्तान जन्माऊ। प्रमादले सत्यलाई कहिल्यै नछोड। प्रमादले धर्मलाई नत्याग। प्रमादले आरोग्य र चतुराईलाई नछोड। प्रमादले उत्तम ऐश्वर्यका वृद्धिलाई नछोड। प्रमादले पढ्न र पढाउन कहिल्यै नछोड॥ १ ॥ देवविद्वान् र आमा बाबु आदिका सेवामा आलस्य–प्रमाद नगर। विद्वानलाई सत्कार गरेजस्तै आमा बुबा, आचार्य र अतिथिलाई सधै सेवागर्ने गर। सत्य बोल्नु जस्ता निन्दरहित धर्मयुक्त कार्य गर्ने गर। झूठो बोल्नु जस्ता कार्य कहिल्यै नगर। हामीमा भएका सुचरित्र अर्थात् धर्मयुक्त कर्म गर। हामीमा पाप आचरण भएमा तिनलाई कहिल्यै ग्रहण नगर। हाम्रो बीचमा भएका उत्तम विद्वान् धर्मात्मा ब्राह्मणका नजीक बस्ने र उनैको विश्वास गर्नेगर। श्रद्धा, अश्रद्धा, शोभा, लज्जा, भय र प्रतिज्ञा आदिले जसरी हुन्छ देऊ। कुनैबेला तिमीमा कर्म वा शील तथा उपासना ज्ञानका कुरामा कुनै किसिम शङ्का लागेमा॥ २–३ ॥ समदर्शी, पक्षपातरहित, योगी–अयोगी, आर्द्रचित्त, धर्म कामना गर्ने धर्मात्माहरू जस्तो व्यवहार धर्ममार्गमा गर्दछन्, त्यस्तै तिमी पनि गर्ने गर। यो नै आदेश हो, यो नै उपदेश हो, यो नै वेदको उपनिषद् हो र यो नै शिक्षा हो। यस्तै किसिमले आचरण गर्नु र आफ्नो चालचलन सुधार्नु पर्छ॥ ४–५ ॥



**अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित्।**
**यद्यद्धि कुरुते किञ्चित् तत्तत्कामस। यचेष्टितम्॥**

—मनु० २।४

निष्काम व्यक्तिबाट आँखा झिम्क्याउने र उघार्ने कार्य पनि सम्भव हुन्न भन्ने कुरा मानिसहरूले बुझ्नु पर्दछ। यसकारण कुनैपनि व्यक्ति केही पनि गर्दछ भने त्यो चेष्टा कामना विना भएको हैन भन्ने कुरा सिद्ध हुन्छ।

**आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त्त एव च।**
**तस्मादस्मिन्सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः॥ १ ॥**
**आचाराद्विच्युतो विप्रो न वेद फलमश्नुते।**
**आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत्॥ २ ॥**

—मनु० १।१०८–१०९

वेद र वेदानुकूल स्मृतिहरूमा प्रतिपादित धर्म आचरण गर्नु नै भन्नु, सुन्नु–सुनाउनु र पढ्नु पढाउनुको फल हो। त्यसैले धर्माचरण गर्न सदा लागिरहनु पर्दछ॥ १ ॥

किनभने धर्माचरणरहित व्यक्ति वेदप्रतिपादित धर्मजन्य सुखरूप फल प्राप्तगर्न सक्तैन र विद्या पढेर धर्माचरण गर्ने व्यक्ति नै सम्पूर्ण सुखप्राप्त गर्दछ॥ २ ॥

**योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद् द्विजः।**
**स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः॥**

—मनु० २।२१

वेद र वेदानुकूल आप्त अर्थात् मान्य पुरुषहरूद्वारा निर्मित शास्त्रहरूलाई अपमान गर्ने वेदनिन्दक नास्तिकलाई जाति, पंक्ति र देशबाट पनि बाहिर निकालिदिनु पर्दछ। किनभने—

**श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।**
**एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्॥**

—मनु० २।१२

श्रुति–वेद, स्मृति–वेदानुकूल आप्तजनबाट रचित मनुस्मृति आदिशास्त्र, सत्यपुरुषका आचार–सनातन अर्थात् वेदद्वारा परमेश्वर प्रतिपादित कर्म र आफ्नो आत्मामा प्रिय–जसलाई आत्मा चाहन्छ, जस्तै सत्य बोल्नु, यी चार धर्मका लक्षण हुन्, अर्थात् यिनै चारबाट धर्म र अधर्मको निश्चय हुन्छ। पक्षपातरहित न्याय, सत्य ग्रहण र असत्य पूर्ण परित्यागरूपी आचारण नै 'धर्म' र यसको उल्टो पक्षपात



PDFill PDF Editor with Free Writer and Tools

सहित अन्याय आचरण, सत्य त्याग र असत्य ग्रहण गर्ने कार्यलाइ नै 'अधर्म' भनिन्छ।

**अर्थकामष्बसक्तानां धर्मज्ञानं विधीयते।**
**धर्म जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः॥**

**अर्थ**—सुन, चाँदी आदि रत्न र काम– स्त्री सेवन आदि विषय भोगमा नलाग्ने व्यक्तिलाई नै धर्मको ज्ञान प्राप्त हुन्छ। धर्मज्ञानको इच्छा भएमा वेदबाट धर्म निश्चय गर्नुपर्छ किन भने वेदविना धर्म र अधर्म ठीक–ठीक निर्णय हुन सक्तैन।

यसरी आचार्यले आफ्ना शिष्यलाई उपदेश दिनु पर्दछ। साथै राजा समेत क्षत्रिय, वैश्य र उत्तमशूद्रलाई पनि विद्या अभ्यास अवश्य गराउनु पर्छ। किनभने ब्रह्मणले मात्र विद्याभ्यास गरेमा र क्षत्रिय आदिले नगरेमा विद्या, धर्म, राज्य र धन आदि वृद्धि कहिल्यै हुन सक्तैन। किनभने ब्राह्मण त मात्र पढ्न–पढाउन र क्षत्रिय आदिबाट जीविका पाएर आफ्नो जीवन धान्न सक्तछन्। जीविकाको अधीन हुनाले, क्षत्रिय आदिलाई आज्ञादिने र ठीक–बेठीक निर्णय गरेर दण्ड दिने नहुनाले ब्राह्मण आदि सबैवर्ण पाखण्डमा नै पर्दछन्। अनि क्षत्रिय आदि विद्वान् भएमा ब्राह्मण पनि बढी विद्याभ्यास गर्ने र धर्ममार्गमा हिंड्ने हुन्छन् र ती क्षत्रिय आदिका अगाडि पाखण्ड र झूठो व्यवहार पनि गर्न सक्तैनन्। क्षत्रिय आदि अविद्वान भएमा ती ब्राह्मणहरू आफ्नो मनपरी गर्ने गराउने गर्दछन्। यसकारण ब्राह्मण पनि आफ्नो कल्याण चाहन्छन् भने उनीहरूले क्षत्रिय आदिलाई वेद आदि सत्यशास्त्र अभ्यास मेहनतका साथ गराउनु पर्दछ। किनभने क्षत्रिय आदि नै विद्या, धर्म, राज्य र लक्ष्मी वृद्धिगर्ने हुन्छन्। उनीहरू कहिल्यै भिक्षावृत्ति गर्दैनन्, यसकारण ती विद्या व्यवहारमा पक्षपाती पनि हुन सक्तैनन्। सबै वर्णमा विद्या सुशिक्षा भएमा कसैले पनि पाखण्डरूप अधर्मयुक्त मिथ्या व्यवहार चलाउन सक्तैन। यसबाट क्षत्रिय आदिलाई नियममा चलाउने ब्राह्मण र सन्यासी अनि ब्राह्मण र सन्यासीलाई सुनियममा चलाउने क्षत्रिय आदि हुने गर्दछन् भन्ने कुरा सिद्ध हुन्छ। यसकारण सबै वर्णका स्त्री पुरुषहरूमा विद्या र धर्मको प्रचार अवश्य हुनु पर्दछ।

कुनकुन कुरा पढ्नु–पढाउनु पर्दछ भन्ने कुराको राम्ररी परीक्षा गरेर निर्णय गर्नुपर्छ। परीक्षा पाँच प्रकारले हुन्छ—

**पहिलो**—ईश्वरको गुण, कर्म, स्वभाव र वेद अनुकूल भएजति सत्य र यस विरूद्ध असत्य हो।



**दोस्रो**—सृष्टिक्रम अनुकूल भएजति सत्य र सृष्टिक्रम विरूद्ध सबै असत्य हुन्छ। जस्तै कोही आमा बाबुको सम्पर्क बिनानै बालक जन्मियो भन्छ भने यो कथन सृष्टिक्रम विरूद्ध हुनाले सर्वथा झूठो हो।

**तेस्रो**—आप्त अर्थात् धार्मिक, विद्वान्, सत्यवादी, कपटरहित व्यक्तिका उपदेश अनुकूल कुरा ग्राह्य र त्यस विरूद्ध कुरा त्याज्य हुन्छन्।

**चौथो**—आफ्नो आत्माको पवित्रता, विद्या अनुकूल जस्तै आफूलाई सुख प्रिय र दुःख अप्रिय हुन्छ त्यस्तै मैलेपनि कसैलाई दुःख वा सुख दिएमा त्योपनि अप्रसन्न वा प्रसन्न हुनेछ भन्ने कुरा सदै बुझ्नु पर्दछ।

**पाँचौ**—आठै प्रमाण अर्थात् प्रत्यक्ष, अनुमान उपमान शब्द, ऐतिह्य, अर्थापत्ति, सम्भव र अभाव। यिनमा प्रत्यक्ष आदि लक्षणादिमा तल लेखिएका सूत्र न्यायशास्त्रको पहिलो र दोस्रो अध्ययन हुन्।

**इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्य–मव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम्॥** —न्यायसूत्र। अध्याय १ आन्हिक १। सूत्र ४॥

कान, छाला, आँखा, जिब्रो र नाकको शब्द, स्पर्श, रूप, रस र गन्धसित अव्यवहित वा आवरणरहित अर्थात् रोकटोक विनाको सम्बन्ध, इन्द्रियहरू मनसित र मन आत्मासितको सम्बन्धबाट उत्पन्नहुने अव्यपदेश्य, अव्यभिचारी र व्यवसायात्मक ज्ञानलाई प्रत्यक्ष भनिन्छ। 'अव्यपदेश' अर्थात् संज्ञा संज्ञीको सम्बन्धबाट उत्पन्न ज्ञान नहोओस्। जस्तै कसैले कसैसँग 'तिमी जल ल्याऊ' भन्यो र उसले पानी ल्याएर उसको अगाडि राखेर 'यो पानी हो' भन्यो। यहाँ 'जल' यी दुई अक्षर को नाम मगाउने वा ल्याउने देख्न सक्तैन। तर जुन पदार्थको नाम 'जल' हो, त्यो प्रत्यक्ष हुन्छ। शब्दबाट उत्पन्न हुने ज्ञान शब्द प्रमाणको विषय हो। 'अव्यभिचारी' अर्थात् विनाश नहुने ज्ञान। जस्तै कसैले रातमा कुनै ठुटो वा थामलाई देखेर यो मानिस हो भन्ने निश्चय गर्यो, तर दिनमा त्यसलाई हेर्दा यो त व्यक्तिविशेष हैन, यो त ठुटो वा थाम नै रहेछ भन्ने निर्णय हुन्छ। यस्तो मिथ्या ज्ञानलाई व्यभिचारी भनिन्छ। व्यवसायात्मक अर्थात् निश्चयात्मक। जस्तै कसैले टाढैबाट खोला किनारमा टल्केको बालुवालाई देखेर भन्यो त्यहाँ लुगा सुकिरहेका छन् वा त्यो पानी हो अथवा त्यो अरू नै केही हो। यस्तो त्यो देवदत्त उभिएको हो कि यज्ञदत्त हो। यस्तो प्रकरणमा जबसम्म कुनै एकको निर्णय हुँदैन तबसम्म त्यो प्रत्यक्ष ज्ञान हुन सक्तैन। अव्यपदेश,



PDFill PDF Editor with Free Writer and Tools

अव्यभिचारी र निश्चयात्मक ज्ञानलाई नै प्रत्यक्ष भनिन्छ। दोस्रो अनुमान—

**अथ तत्पूर्वकं त्रिविधमनुमानं पूर्ववच्छेषवत्सामान्यतो दृष्टञ्च।**

—न्याय० अ० १। आ० १। सू० ५

प्रत्यक्षपूर्वक अर्थात् कुनै स्थान वा समयमा प्रत्यक्ष भएको कुनै द्रव्यको एक भाग वा सम्पूर्ण द्रव्यका सहचारीको एक भागलाई देख्दा हुने अदृष्ट अवयवीका ज्ञानलाई अनुमान भनिन्छ। जस्तै पुत्रलाई देखेर पिताको ज्ञान, पर्वत आदिमा धुआँलाई देखेर अग्निको ज्ञान र जगत्मा सुख दुःख देखेर पूर्वजन्म ज्ञानको हुन्छ। यो अनुमान तीन किसिमको हुन्छ। पहिलो पूर्ववत् जस्तै बादललाई देखेर वर्षा, विवाहलाई देखेर सन्तानोत्पत्ति, पढिरहेका विद्यार्थिलाई देखेर विद्या प्राप्त हुने आदि निश्चय हुन्छ। कारणलाई देखेर हुने कार्यको ज्ञानलाई 'पूर्ववत्' भनिन्छ। दोस्रो 'शेषवत्' अर्थात् कार्यलाई देखेर कारणको ज्ञान हुनु। जस्तै— खोला–बाढी देखेर मुहानमा पानी परेको, पुत्रलाई देखेर पिताको, सृष्टिलाई देखेर अनादिकारणको र सृष्टिकर्ता ईश्वरको, साथै पाप–पुण्यका आचरण देखेर सुख दुःख ज्ञान हुन्छ, यसैलाई 'शेषवत्' भनिन्छ। तेस्रो 'सामान्यतोदृष्ट' अर्थात् कसैको कुनै कार्यकारण नभएर एक अर्कासँग कुनै किसिमको साधर्म्य हुनु। जस्तै कसैले एक ठाउँबाट अर्को ठाउँमा जान हिंड्नुपर्छ भने अरूलाई पनि एक ठाउँबाट अर्को ठाउँमा पुग्न हिंड्नै पर्छ भन्ने अनुमान हुन्छ। अनुमान शब्दको अर्थ हो अनु अर्थात् पछि' प्रत्यक्षस्य पश्चान्मीयते ज्ञायते येन तदनुमानम्' अर्थात् प्रत्यक्ष पछि उत्पन्न हुने ज्ञानलाई अनुमान भनिन्छ। जस्तै धुवाँलाई नदेखि अदृष्ट अग्निको ज्ञान कहिल्यै हुन सक्तैन। तेस्रो 'उपमान'—

**प्रसिद्ध साधर्म्यात्साध्य साधन मुपमानम्॥**

—न्याय० अ० १।१।६

प्रसिद्ध प्रत्यक्ष साधर्म्यबाट साध्य अर्थात् सिद्ध गर्न योग्य सिद्धिका साधनलाई उपमान भनिन्छ। 'उपमीयते येन तदुपमानम्' जस्तै कसैले कुनै सेवकसँग देवदत्त जस्तो विष्णु मित्रलाई बोलाऊ भन्यो। सेवकले मैले उसलाई कहिले पनि देखेकै छैन भन्यो। अनि स्वामीले जस्तो यो देवदत्त छ त्यस्तै त्यो विष्णुमित्र छ अथवा जस्तो गाई त्यस्तै नीलगाई हुन्छ भन्यो। सेवक त्यहाँ गएपछि देवदत्त जस्तै देखेर यही विष्णुमित्र हो भन्ने निश्चय गर्छ र उसलाई ल्याउँछ अथवा कुनै वनमा जुन पशुलाई गाई जस्तै देख्तछ त्यसलाई यही नीलगाई हो भनी ठम्याउँछ।



**चौथो शब्दप्रमाण—**

**आप्तोपदेशः शब्दः॥** —न्याय० १।१।७

आप्त अर्थात् पूर्ण विद्वान्, धर्मात्मा, परोपकारप्रिय, सत्यवादी, पुरुषार्थी, जितेन्द्रिय व्यक्ति जस्तो आफ्नो आत्मामा जान्दछ र जसबाट सुख पाएको छ त्यस्तै भन्ने इच्छाबाट प्रेरित भई समस्त मानवमात्रका कल्याणका निम्ति उपदेश गर्ने अर्थात् पृथ्वीदेखि परमेश्वर सम्म सबै पदार्थको ज्ञान प्राप्त गरि उपदेश दिने व्यक्ति र पूर्ण आप्त परमेश्वरका उपदेश वेदलाई नै शब्द प्रमाण मान्नु पर्दछ। पाँचौ ऐतिह्य—

**न चतुष्ट्वमैतिह्यार्थपत्तिसम्भवाभावप्रामाण्यात्॥**

—न्याय० २।२।१

**'इतिह'** अर्थात् यस्तो थियो, उसले यस्तो गर्यो भन्ने कुरा अर्थात् कसैका जीवनचरित्रको नाम ऐतिह्य हो। छैठों अर्थापत्ति—

**'अर्थादापद्यते स अर्थापत्तिः'** केनचिदुच्यते **'सत्सु घनेषु वृष्टिः, सति कारणे कार्य भवतीत किमत्र प्रसज्यते, असत्यु घनेषु वृष्टिरसति** कारणे च कार्य न भवति' बादल हुनाले वर्षा हुनाले कार्य हुन्छ भन्नाले नभई वर्षा र कारण नभई कार्य कहिल्यै हुन सक्दैन भन्ने कुरा स्वतः सिद्ध हुन्छ। सातौं सम्भव—

**'सम्भवति यस्मिन् स सम्भवः'** कसैले आमा बुवा बिना सन्तानोत्पत्ति, मुर्दालाई ब्यूँझाइएको, पहाड उठाएको, समुद्रमा ढुङ्गो तहराएको, चन्द्रमा टुक्रा गरेको, परमेश्वरको अवतार भएको, मानिसको सिंग देखेको र बाँझीका छोरा छोरीको विवाह गरेको इत्यादि कुरा गर्छ भने यी सबै कुरा सृष्टिक्रमको विरूद्ध हुनाले असम्भव हुन्। सृष्टिक्रम अनुकूल कुरा नै सम्भव हुन्छ।

**आठौं अभाव—**

**'न भवन्ति यस्मिन् सोऽभावः'** जस्तै कसैले कसैसँग हात्ती ल्याऊ भन्दा त्यहाँ हात्ती नहुनाले उसले हात्ती भएको ठाउँबाट हात्ती ल्यायो। यी आठ प्रमाण हुन्छन्। यिनमा ऐतिह्य शब्दमा र अर्थापत्ति, सम्भव तथा अभाव अनुमानमा गणना गरेमा चार प्रमाण रहन्छन्। यी पाँच प्रकारका परीक्षाबाट मात्र मानिस सत्य र असत्य निश्चय गर्न सक्तछ, अन्यथा सक्तैन।

**धर्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां तत्त्वज्ञानान्निः श्रेयसम्॥** —वै० १।१।४



PDFill PDF Editor with Free Writer and Tools

धर्मको मानिस यथायोग्य अनुष्ठान गर्नाले पवित्र भएर 'साधर्म्य' अर्थात् तुल्यधर्म जस्तै पृथ्वी जड्, पानी पनि जड्, 'वैधर्म्य' अर्थात् पृथ्वी कठोर, पानी कोमल, यस्तै द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवायी छ पदार्थको तत्त्वज्ञान अर्थात् स्वरूपज्ञानबाट 'निःश्रेयश्रम्' मुक्त हुन्छ।

**पृथिव्यापस्तेजोवायुराकाशं कालो दिगात्मा मन इति द्रव्याणि ॥**
—वै० १।१।५

पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन यी नौ द्रव्य हुन्।

**क्रियागुणवत्समवायिकारणमिति द्रव्यलक्षणम् ॥**
—वै० १।१।१५

'**क्रियाश्च गुणाश्च विद्यन्ते यस्मिंस्तत् क्रियागुणवत्**' जसमा क्रिया, गुण र गुणमात्र छ भनेपनि त्यसलाई द्रव्य भनिन्छ। यिनमा पृथ्वी, जल तेज, वायु, मन र आत्मा यी छ द्रव्य क्रिया र गुण भएका तथा आकाश, काल र दिशा यी तीन क्रियारहित गुणमात्र भएका हुन्। **( समवायि )'समवेतुं शील यस्य तत् समवायि प्राग्वृतत्तित्वं कारणं, समवायि च तत्कारणं च समवायिकारणम्' 'लक्ष्यते येन तल्लक्षणम्'** मिल्ने स्वाभावयुक्त कार्य भन्दा कारण पहिले छ भने त्यसलाई द्रव्य भनिन्छ। जसबाट लक्ष्य ज्ञान हुन्छ त्यसलाई लक्षण भनिन्छ जस्तै आँखाबाट रूपको ज्ञान हुन्छ।

**रूपरसगन्धस्पर्शवती पृथ्वी ॥** —वै० २।१।१

पृथ्वीमा रूप, रस, गन्ध र स्पर्श छन्। यसमा रूप, रस र स्पर्शचाहिं क्रमशः अग्नि, जल र वायुका संयोगले हुन्छन्।

**व्यवस्थितः पृथिव्यां गन्धः ॥** —वै० २।२।२

पृथ्वीमा गन्ध गुण स्वाभाविक हुन्छ। त्यस्तै जलमा रस, अग्नि रूप, वायुमा स्पर्श र आकाशमा शब्द स्वाभाविक हो।

**रूपरसस्पशंवत्य आपो द्रवाः स्निग्धाः ॥** —वै० २।१।२

रूप, रस र स्पर्श भएको द्रवीभूत र कोमल द्रव्यलाई जल भनिन्छ। तर रस जलको स्वाभाविक गुण हो। रूप र स्पर्शचाहिं अग्नि र वायुका संयोगले हुन्छ।

**अप्सु शीतता ॥** —वै० २।२।५

जलमा शीतलत्व गुण पनि स्वाभाविक हुन्छ।

**तेजो रुप स्पर्शवत् ॥** —वै० २।१।३



तेजमा रूप र स्पर्श हुन्छन्। तर रूप तेजको स्वाभाविक गुण र स्पर्श वायुका संयोगले हुन्छ।

**स्पर्शवान् वायुः ॥** —वै० २।१।४

वायु स्पर्श गुणयुक्त हुन्छ। तर यसमा पनि तेजका योगले उष्णता र जलका योगले शीतता रहन्छ।

**त आकाशे न विद्यन्ते ॥** —वै० २।१।५

रूप, रस, गन्ध र स्पर्श आकाशमा हुँदैनन्। शब्दमात्र आकाशको गुण हो।

**निष्क्रमणं प्रवेशनमित्याकाशस्य लिङ्गम् ॥** —वै० २।१।२०

पस्नु र निस्कनु आकाशको चिह्न हो।

**कार्य्यान्तराप्रादुर्भावाच्च शब्दः स्पर्शवतामगुणः ॥**
—वै० २।१।२५

अरू पृथ्वी आदि कार्यबाट प्रकट नहुने हुनाले स्पर्श आदि गुण भएका भूमि आदिको गुण 'शब्द' होइन, 'शब्द' त आकाशकै गुण हो।

**अपरस्मिन्नपरं युगपच्चिरं क्षिप्रमिति काललिङ्गानि ॥**
—वै० २।२।६

जसमा अपर, पर, युगपत्=एकैपटक, चिरम्=विलम्ब, क्षिप्रम्=शीघ्र इत्यादि प्रयोग हुन्छन्, त्यसलाई 'काल' भनिन्छ।

**नित्येष्वभावादनित्येषु भावात् कारणे कालाख्येति ॥**
—वै० २।२।९

नित्य पदार्थमा नहुने र अनित्यमा हुने हुनाले कारणमा नै काल रहन्छ।

**इत इदमिति यतस्तदिदश्यं लिङ्गम् ॥** —वै० २।२।१०

जसमा यहाँबाट यो पूर्व, दक्षिण। पश्चिम, उत्तर, तल, माथि आदि व्यवहार हुन्छ, त्यसैलाई 'दिशा' भनिन्छ।

**आदित्यसंयोगाद् भूतपूर्वाद् भविष्यतो भूताच्च प्राची ॥**
—वै० २।२।१४

जतातर्फ सर्वप्रथम सूर्यका संयोग भएको हो, भएको छ र हुनेछ, त्यसलाई '**पूर्व दिशा**' भनिन्छ र जहाँ अस्त हुन्छ, त्यसलाई 'पश्चिम' भनिन्छ। पूर्व फर्केको व्यक्तिको दाहिनेतर्फ 'दक्षिण' र देब्रेतर्फ 'उत्तर दिशा भनिन्छ। (**एतेन दिगन्तरालानि व्याख्यातानि**—वै० २।२।१६) पूर्व र दक्षिणको बीचको दिशालाई आग्नेयी दक्षिण र पश्मिचको



PDFill PDF Editor with Free Writer and Tools

दिशालाई नैर्ऋति पश्चिम र उत्तरको बिचलाई '**वायव्य**' तथा उत्तर र पूर्वको बीचलाई 'ऐशानी' दिशा भनिन्छ।

**इच्छाद्वेषप्रयत्नसुखदु:खज्ञानान्यात्मनो लिङ्गमिति॥**

—न्याय० १।१।१०

जसमा ( **इच्छा** ) राग, ( **द्वेष** ) वैर, ( **प्रयत्न** ) पुरुषार्थ, सुख, दु:ख, ( **ज्ञान** ) जान्नु गुण हुन्छन्, त्यसैलाई जीवात्मा भनिन्छ। वैशेषिकमा यत्ति विशेष भनिएको छ—

**प्राणाऽपाननिमेषोन्मेषजीवनमनोगतोन्द्रियान्तर्विकाराः सुखदुःखेच्छाद्वेषप्रयत्नाश्चात्मनो लिङ्गानि॥** —वै० ३।२।४

( **प्राण** ) भित्रबाट वायुलाई निकाल्नु, ( **अपान** ) बाहिरबाट वायुलाई भित्र लिनु, ( **निमेष** ) आँखा चिम्लनु, ( **उन्मेष** ) आँखा उघार्नु, ( **जीवन** ) प्राण धारण गर्नु, ( **मनः** ) मनन्, विचार अर्थात् ज्ञान, ( **गति** ) यथेष्ट गमन गर्नु, ( **इन्द्रिय** ) इन्द्रियहरूलाई विषयमा लगाउनु, तिनीहरूबाट विषयहरू ग्रहण गर्नु, ( **अन्तर्विकार** ) भोक, तिर्खा, ज्वर, पीडा आदि विकार हुनु, सुख, दु:ख, इच्छा, द्वेष, प्रयत्न, यी सबै आत्माका लिङ्ग अर्थात् कर्म र गुण हुन्।

**युगपज्ज्ञानानुत्पत्तिर्मनसो लिङ्गम्॥** —न्याय० १।१।१६

जसबाट एकैपटक दुई पदार्थ ग्रहणज्ञान हुँदैन, त्यसलाई मन' भनिन्छ।

यो द्रव्यको स्वरूप र लक्षण भनियो। अब गुणहरूको भनिन्छ।

**रूपरसगन्धस्पर्शाः संख्याः परिमाणानि पृथक्त्वं संयोगविभागौ परत्वाऽपरत्वे बुद्धयः सुखदु:खेच्छाद्वेषौ प्रयत्नाश्च गुणाः॥**

—वै० १।१।६

रूप, रस, गन्ध, स्पर्श, संख्या, परिमाण पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व, बुद्धि, सुख, दु:ख, इच्छा, द्वेष, प्रयत्न, गुरुत्व, द्रवत्व, स्नेह, संस्कार, धर्म, अधर्म र शब्द यी चौबीस नै गुण हुन्।

**प्रव्याश्रय्यगुणवान् संयोगविभागेष्वकारणमनपेक्ष इति गुणलक्षणम्॥** —वै० १।२।१६

द्रव्यका आश्रयमा रहने, गुणलाई धारण नगर्ने, संयोग र वियोगमा कारण नहुने, अनपेक्ष अर्थात् एकअर्काको अपेक्षा नगर्ने पदार्थलाई 'गुण' भनिन्छ।

**श्रोत्रोपलब्धिर्बुद्धिनिर्ग्रह्यः प्रयोगेणाऽभिज्वलित आकाशदेशः शब्दः॥** —महाभाष्य १।१।१



कानद्वारा प्राप्त हुने, बुद्धिद्वारा ग्रहणगर्ने योग्य, प्रयोगद्वारा प्रकाशित र आकाश ठाउँ भएको गुणलाई '**शब्द**' भनिन्छ। नेत्रद्वारा ग्रहणहुने '**रूप**', जोब्रोबाट तीतो–मीठो आदि अनेक प्रकारको स्वाद लिइने '**रस**', नाकबाट ग्रहण गरिने '**गन्ध**', छालाले पत्तो पाइने '**स्पर्श**', एक दुई आदि गणना गरिने 'संख्या', नपाइ, जोखाइ, भराइ आदि गरिने परिमाण', एकअर्काबाट छुट्टिनु 'पृथक्त्व', एक अर्कासँग मिल्नु '**संयोग**', एकअर्कासँग मिलेकोमा टुक्रा–टुक्रा हुनु '**विभाग**', यो भन्दा पर भन्नु '**पर**', त्यो भन्दा वर भन्नु '**अपर**', राम्रो नराम्रोको ज्ञान हुने '**बुद्धि**', आनन्दको नाम '**सुख**', क्लेशको नाम '**दु:ख**', इच्छा'=राग द्वेष= '**विरोध**', अनेकप्रकारको बलपुरुषार्थ '**प्रयत्न**', भारी या गाह्रौं '**गुरुत्व**', पग्लनु '**द्रवत्व**', प्रीति र चिल्लो हुनु '**स्नेह**', अर्काको योगले वासना हुनु '**संस्कार**', न्याय आचरण र कठिनाइ आदि हुनु '**धर्म**' र अन्याय आचरण र कठिनताको विरूद्ध कोमलता आदि '**अधर्म**', यी नै चौबीस गुण हुन्।

**उत्क्षेपणमवक्षेपणमाकुञ्चनं प्रसारणं गमनमिति कर्माणि॥**

—वै० १।१।७

'**उत्क्षेपण**' मास्तिर उठाउनु, '**अवक्षेपण**' तल्तिर झार्नु, '**आकुञ्चनं–खुम्च्याउनु**, '**प्रसारण**' फैलाउनु र '**गमन**' आउनु, जान्नु, डुल्नु आदिलाई '**कर्म**' भनिन्छ। अब कर्मका लक्षण—

**एकद्रव्यमगुणं संयोगविभागेष्वनपेक्षकारणमिति कर्मलक्षणम्॥** —वै० १।१।१७

'**एकं द्रव्यमाश्रय आधारो यस्य तदेकद्रव्यं, न विद्यते गुणो यस्य यस्मिन् वा तदगुणं संयोगेषु विभागेषु चापेक्षारहितं कारणं तत्कर्मलक्षणम्' अथवा यत् क्रियते तत्कर्म, लक्ष्यते येन तल्लक्षणम्, कर्मणो लक्षणं कर्म लक्षणम्**' एउटै द्रव्यका आश्रित, गुणहरूबाट रहित, संयोग र विभागमा अपेक्षा नराख्ने कारण भएका पदार्थलाई 'कर्म' भनिन्छ।

**द्रव्यगुणकर्मणां द्रव्यं कारणं सामान्यम्॥** —वै० १।२।२३

जुन द्रव्यहरुको कार्य द्रव्य छ, त्यो कार्यात्वले सबै कार्यहरुमा सामान्य हुन्छ द्रव्यत्वं गुणत्वं कर्मत्वञ्च सामान्यानि विशेषाश्च॥

—वै० १।२।५

जुन कार्य द्रव्य, गुण र कर्मका कारण द्रव्य हो त्यही सामान्य द्रव्य हो।



PDFill PDF Editor with Free Writer and Tools

**द्रव्याणां द्रव्यं कार्यं सामान्यम् ॥** —वै० १।२।५

द्रव्यमा द्रव्यत्व, गुणमा गुणत्वर कर्ममा कर्मत्व यी सबै 'सामान्य' र 'विशेष' भनिन्छन्। जस्तै द्रव्यमा द्रव्यत्व सामान्य र गुणत्व, कर्मत्व भन्दा द्रव्यत्व विशेष हो। यस्तै गुणत्व, कर्मत्व आदि सबैमा बुझ्नु पर्छ।

**सामान्यं विशेष इति बुद्ध्यपेक्षम् ॥** —वै० १।२।३

सामान्य र विशेष बुद्धि को अपेक्षाले सिद्ध हुन्छन्। जस्तै मानिसमा मनुष्यत्व सामान्य र पशुत्वादि भन्दा विशेष, तथा स्त्रीत्व र पुरुषत्व, यिनमा ब्राह्मणत्व, क्षत्रियत्व, वैश्यत्व, शुद्र पनि विशेष हुन्। ब्राह्मण व्यक्तिमा ब्राह्मणत्व समान्य र क्षत्रियादि भन्दा विशेष हुन्छ। यसैगरी सर्वत्र बुझ्नु पर्छ।

**इहेदमिति यतः कार्यकारणयोः स समवायः ॥**

—वै०अ० ७ आ०।२ सूत्र २५

अवयवमा अवयवी, क्रियामा क्रियावान्, गुणीमा गुण, व्यक्तिमा जाति, कार्यमा कारण आदि अवयव–अवयवी, क्रिया–क्रियावान्, गुण–गुणी, जाति–व्यक्ति, कार्य कारण जस्तो नित्य सम्बन्ध नै 'समवाय' भनिन्छ। अनि द्रव्यहरूमा परस्पर हुने सम्बन्ध भने 'संयोग' अर्थात् अनित्य सम्बन्ध हुन्छ।

**द्रव्यगुणयोः सजातीयारम्भकत्वं साधर्म्यम् ॥**

—वै०आ० १।आ० ९ सूत्र ९

द्रव्य र गुणको समान जातीय कार्यका आरम्भलाई '**साधर्म्य**' भनिन्छ। जस्तै पृथ्वीमा जडत्व धर्म र घटादि कार्योत्पादकत्व स्वसदृश धर्म हुन्छ। त्यस्तै पानीमा पनि जडत्व र हिउँ आदि स्वसदृश कार्यको आरम्भ पृथ्वीसँग जलको जलसँग पृथ्वीको तुल्य धर्म हुन्छ। अर्थात् '**द्रव्यगुणयोर्विजातीयारम्भकत्वं वैधर्म्यम्**' द्रव्य गुणको विरूद्ध धर्म र कार्यको आरम्भलाई '**वैधर्म्य**' भनिन्छ। जस्तै पृथ्वीमा कठिनत्व, शुष्कत्व र गन्धवत्व धर्म जलको विरुद्ध र जलको द्रवत्व कोमलता र रसगुणयुक्ता पृथ्वीका विरुद्ध छन्।

**कारणभावत् कार्यभावः ॥** —वै०अ० ४। आ० १। सूत्र ३

कारण हुनाले नै कार्य हुन्छ।

**न तु कार्यभावत्कारणाभावः ॥** —वै०अ० १। आ० २। सूत्र २

तर कार्यको अभावले कारणको अभाव हुँदैन।

**कारणाऽभावत्कार्याऽभावः ॥** —वै० अ० १। आ० २। सूत्र १



कारण नभई कार्य कहिल्यै हुँदैन।

**कारणगुणपूर्वकः कार्यगुणो हष्टः ॥**

—वै०अ० २। आ० १। सूत्र २४

जस्तो कारणमा गुण हुन्छन्, त्यस्तै कार्यमा पनि हुन्छन्।

परिमाण दुई किसिमका हुन्छन्—

**अणुमहदिति तस्मिन्विशेषभावाद्विशेषाभावाच्च ॥**

—वै० अ ७। आ० १। सूत्र ११

अणु=सानो, महत्=ठूलो। जस्तै त्रसरेणु सिन्काभन्दा सानो र द्वयणुकभन्दा ठूलो हुन्छ त्यस्तै पहाड पृथ्वीभन्दा सानो र वृक्षभन्दा ठूलो हुन्छ।

**सदिति यतो द्रव्यगुणकर्मसु सा सत्ता ॥**

—वै० अ० १। आ २। सूत्र ७

जुन द्रव्य, गुण र कर्ममा सत् शब्द अन्वित अर्थात् मिलिरहेको हुन्छ, त्यसलाई सत्ता भनिन्छ। अर्थात् '**सद् द्रव्यम् सद् गुणः सत्कर्म**' **सत् द्रव्य,** सत् द्रव्य, सत् गुण, सत् कर्म अर्थात् वर्तमान कालवाची शब्दको अन्वय सबैसँग रहन्छ।

**भावोऽनुवृत्तेरेव हेतुत्वात् सामान्यमेव ॥**

—वै०अ० १। आ० २। सूत्र ४

सबैसित अनुवर्त्तमान=पछि लागिरहेको हुनाले सत्तारूप भाव '**महासामान्य**' भनिन्छ। यो क्रम भावरूप द्रव्यहरूको हो।

'**अभाव**' पाँच प्रकारका छन्। **पहिलो**—

**क्रियागुण व्यपदेशाभावत् प्रागसत् ॥**—वै० अ० ९। आ० १। सूत्र १

क्रिया र गुणको विशेष कारणभन्दा प्राक् अर्थात् पूर्व '**असत्**' जो थिएन, जस्तै वस्त्र आदिको उत्पत्तिभन्दा पूर्व घट थिएन। यसलाई '**प्रागभाव**' भनिन्छ। **दोस्रो**—

**संदसत् ॥** —वै०अ० ९ आ० १। सूत्र २

जो उत्पन्न भएर न रहोस्। नष्ट भई जाओस्। जस्तै घर उत्पन्न भएर नष्ट हुनु। यसलाई '**प्रध्वंसाभाव**' भनिन्छ। **तेस्रो**—

**सच्चासत् ॥** —वै० अ० ९। आ० १। सूत्र ४

जो छ पनि, छैन पनि। जस्तै '**अगौरश्वोऽनश्वो गौः**' गाई घोडा होइन र घोडा गाई होइन। अर्थात् गाईमा घोडाको र घोडामा गाईको अभाव हुन्छ। यसलाई '**अन्योऽन्याभाव**' भनिन्छ। **चौथो**—



PDFill PDF Editor with Free Writer and Tools

**यच्चान्यदसदतस्तदसत्॥** —वै०अ० ९। आ० १। सूत्र ५

जुन पूर्वोक्त तिनै किसिमका अभावभन्दा भिन्नै छ। यसलाई **'अत्यन्ताऽभाव'** भनिन्छ। जस्तै **'नरश्रृङ्ग'** अर्थात् मानिसको सींग, **'खपुष्प'** आकाशको पुष्प र **'बन्ध्यापुत्र'** बाँझीको छोरो, इत्यादि। **पाँचौं**—

**नास्ति घटो गेह इति सतो घटस्य गेहसंसर्गप्रतिषेधः॥**

—वै०अ० ९। आ० १। सूत्र १०

घरमा घट छैन अर्थात् अन्यत्र छ। घरसँग घटको सम्बन्ध छैन। यसलाई **'संसर्गाऽभाव'** भनिन्छ। यी पाँच अभाव भनिन्छन्।

**इन्द्रियदोषात्संस्कारदोषाच्चाविद्या।**

—वै०अ० ९। आ० २। सूत्र १०

इन्द्रियहरू र संस्कारका दोषबाट **'अविद्या'** उत्पन्न हुन्छ।

**तद् दुष्टज्ञानम्॥** —वै०अ० ९। आ० २। सूत्र ११

दुष्ट अर्थात् विपरीत ज्ञानलाई **'अविद्या'** भनिन्छ।

**अदुष्ट विद्या॥** —वै० अ० ९। आ० २। सूत्र १२

अदुष्ट अर्थात् यथार्थज्ञानलाई **'विद्या'** भनिन्छ।

**पृथिव्यादिरूपरसगन्धस्पर्श द्रव्याऽनित्यत्वादनित्याश्च॥**

—वै० अ० ७। आ० १। सूत्र २

**एतेन नित्येषु नित्यत्वमुक्तम्॥** —वै० अ० ७। आ० १। सूत्र ३

कार्यरूप पृथ्वी आदि पदार्थ र तिनमा रूप, रस, गन्ध, स्पर्शगुण यी सबै कार्य द्रव्य अनित्य हुनाले 'अनित्व' हुन। अनि यिनको कारणरूप पृथ्वी आदि नित्य द्रव्दमा भएका गन्ध आदि गुण भने **'नित्य'** हुन्छन्।

**सदकारणवन्नित्यम्॥** —वै० अ० ४। आ० १। सूत्र १

जुन विद्यामान छ र जसको कुनैपनि कारण छैन त्यो **'नित्य'** हो। **'सत्कारणवदनित्यम्'** कारण भएका कार्यरूप गुणभने अनित्व मानिन्छन्।

**अस्येदं कार्यं कारणं संयोगि विरोध समवायि चेति लैङ्गिकम॥**

—वै० अ० ९। आ०२। सूत्र १

**समवायि, संयोगि, एकार्थसमवायि र विरोधी,** यी चार प्रकारका लैङ्गिक अर्थात् लिङ्ग लिङ्गीको सम्बन्धबाट यसको यो कार्य वा कारण हो इत्यादि ज्ञान हुन्छ। **'समवायि'** जस्तै—आकाश परिमाण भएको छ। **'संयोगि'** जस्तै—शरीरमा छाला रहन्छ, इत्यादि नित्य संयोग छ। **'एकार्थसमवायि'**—एउटा अर्थमा दुइवटा रहनु, जस्तै–कार्य **'रूप'**



स्पर्शकार्य लिङ्ग अर्थात् चिन्ह हो। **'विरोधि'** जस्तै—भैसकेको वर्षा हुने वर्षाको विरोधी लिङ्ग हो। व्याप्तिः—

**नियतधर्मसाहित्यमुभयोरेकतरस्य वा व्याप्तिः। निजशक्त्युद्भवमित्याचार्याः। आधेय शक्तियोग इति पञ्चशिखः।**

—संख्या सूत्र अ० ५। सू०२९, ३१, ३२

साध्य—साधन अर्थात् सिद्ध गर्न योग्य र जसबाट सिद्ध गरिन्छ ती दुवै अथवा एउटै साधनमात्रको सहचरलाई 'व्याप्ति' भनिन्छ। जस्तै—धुआँ र अग्निको साहचार्या हुन्छ॥ २९॥ व्याप्त हुने धुआँ अग्निको आफ्नै शक्तिबाट उत्पन्न हुन्छ। टाढा अर्को ठाउँमा धुवाँ पुगेपछि आगो बिना पनि धुवाँ आफैं रहन सक्तछ, त्यसैको नाम 'व्याप्ति' हो। अर्थात् अग्नि को छेदन भेदन सामर्थ्यले जल आदि पदार्थ धुवाँको रूपमा प्रकट हुन्छ॥ ३१॥ **'महत्'** तत्व आदिमा प्रकृति आदिका व्यापकता जस्तै बुद्धि आदिमा व्याप्तधर्मको सम्बन्ध नै **'व्याप्ति'** हो। जस्तै—शक्ति आधेयरूप र शक्तिमान् आधाररूप दुवैको सम्बन्ध हुन्छ॥ ३२॥

इत्यादि शास्त्रका प्रमाणबाट परीक्षा गरी पढ्ने र पढाउने गर्नुपर्छ। नत्रभने विद्यार्थीहरूलाई सत्य ज्ञान कहिल्यै हुन सक्तैन। जुन–जुन ग्रन्थ पढाउनु छ ती सबै पूर्वोक्त प्रकारले परीक्षा गरी सत्य सिद्ध भएका ग्रन्थ पढाउने गर्नुपर्छ। उपर्युक्त परीक्षाबाट विरूद्ध ग्रन्थलाई भने कहल्यै पढ्नु वा पढाउनु हुँदैन। किनभने **'लक्षणप्रमाणाभ्यां वस्तुसिद्धिः'** लक्षण—जस्तै **'गन्धवती पृथ्वी'** पृथ्वी गन्धयुक्त छ, यस्तो लक्षण र प्रत्यक्ष आदि प्रमाणहरूबाट सब सत्य, असत्य र पदार्थ निर्णय हुन्छ, यी कुरा बिना केही पनि हुँदैन।

## अथ पठन–पाठन विधिः

अब पढ्ने–पढाउने प्रकार लेखिन्छ। सर्वप्रथम पाणिनिमुनिकृत **'शिक्षा'** अभ्यास गराउनु पर्छ। यो सूत्ररूपमा छ। यसको प्रकार अर्थात् यस अक्षरको यो स्थान, यो प्रयत्न र यो करण हो भन्ने कुरा सिकाउनु पर्छ। जस्तै—**'प'** यस अक्षरको ओठ स्थान, स्पष्ट प्रयत्न र वायु तथा जिब्रोले क्रिया गर्नु करण भनिन्छ। यस्तै प्रकारले सबै अक्षर यथायोग्य उच्चारण आमा, बाबु वा आचार्यले सिकाउनु पर्छ। त्यसपछि व्याकरण अर्थात् अष्टाध्यायीका सूत्रको पाठ, जस्तै—**'वृद्धिरादैच'**, अष्टाध्यायी १।१.१ त्यसपछि पदच्छेद, जस्तै—**'वृद्धिः आत् ऐच् वा आदैच्'**, त्यसपछि समास, जस्तै—**आच्च ऐच्च आदैच्,'** अनि अर्थ **'आदैचां**



PDFill PDF Editor with Free Writer and Tools

**वृद्धिसंज्ञा क्रियते**' अर्थात् **आ, ऐ, औ,** को वृद्धिसंज्ञा हुन्छ।'**तः परो यस्मात्स तपरस्तादपि परस्तपरः**' जुन भन्दा पर तकार र जुन तकार भन्दा पनि पर छ त्यो '**तपर**' भनिन्छ। यसबाट '**आ**' कार भन्दा पर '**त्**' र '**त्**' भन्दा पर **ऐच्** दुबै अर्थात् **आ** र **ऐच्** तपर हुन्। ह्रस्व र प्लुतको वृद्धिसंज्ञा भएन भन्नु नै तपरक़ो प्रयोजन हो। उदाहरण '**भागः**' मा **भज्** धातु भन्दा पर '**घ्**' '**ञ्**' को इत्संज्ञा भएर लोप भएको छ। त्यसपछि '**भज् अ**' मा जकार भन्दा पूर्व भकारपछिको अकार वृद्धिसंज्ञक आकार वृद्धिसंज्ञक आकार भएको छ। अनि '**भाज् अ**' भयो। पुनः '**ज्**' लाई '**ग्**' भई आकारसँग मिल्दा '**भागः**' यस्तो प्रयोग भयो। **अधि**पूर्वक '**इङ्**' धातुको ह्रस्व '**इ**' को ठाउँमा, पर '**घञ्**' प्रत्यय हुनाले '**ऐ**' वृद्धि र **ऐ**लाई **आय्** भई मिलेर '**अध्यायः**' हुन्छ।'**नीञ्**' धातुको दीर्घ '**ई**' को ठाउँमा, पर '**ण्वुल** प्रत्यय हुनाले '**ऐ**' वृद्धि र त्यसलाई '**आय्**' भई मिलेर '**नायकः**' हुन्छ।'**स्तु**' धातुबाट '**ण्वल** प्रत्यय भई ह्रस्व '**उ** कारको ठाउँमा '**औ**' वृद्धि र '**आव्**' आदेश भई आकारमा मिलेर '**स्वताकः**' बन्दछ।'**कृञ्**' धातुमा '**ण्वुल्**' प्रत्यय '**ल्**' को इत्यसंज्ञा भई लोप, '**वु**' को ठाउँमा '**अक्**' आदेश र ऋकारको ठाउँमा '**आर्**' वृद्धि भई '**कारकः**' सिद्ध हुन्छ।

अगाडि–पछाडिको प्रयोगमा लागने सूत्रको सबै बताउँदै जानु पर्छ। सिलेट वा काठको पट्टामा देखाइ देखाइ कच्चा रूप लेखेर, जस्तै '**भज्+घञ्+सु**' यसरी लेखेर पहिले अकारको लोप, त्यसपछि **घ्**कारको, फेरि '**ञ्**' को लोप भ् '**भज्+अ+सु**' यस्तो भयो। आब '**भ्**' कारपछि '**ज्**' कार अघिको '**अ**' लाई '**आ**' हुँदै, '**ज**' को ठाउँमा **ग** हुनाले '**भाग्+अ+सु**' पुनः **ग्** र **अ** मिल्दा '**भाग+सु**' हुन्छ। अब '**उ**'कारको इत्संज्ञा, '**स्**' को ठाउँमा '**रूँ**' भएर पुनः '**उ**'को इत्संज्ञा लोप भएर '**भागर्**' हुन्छ। अन्तमा रेफको ठाउँमा ( : ) विसर्जनीय भएर '**भागः**' यो रूप सिद्ध हुन्छ। जुन जुन सूत्रबाट जे जे कार्य हुन्छ त्यसलाई पढेर, पढाएर र लेखाएर काम गराउँदै जानु पर्छ। यसरी पढ्ने पढाउने गर्नाले चाँडै नै राम्रो ज्ञान हुँदै जान्छ।

यस्तै किसिले एकपल्ट अष्टाध्यायी पढाएर अर्थसहित धातुपाठ, दशैं लकारका रूप, प्रक्रिया सहित सूत्रहरू उत्सर्ग अर्थात् सामान्य सूत्र जस्तै '**कर्मण्य्**'( अष्टाध्यायी ३.२.१ ) कर्म उपपद लागेको भए धातुदेखि '**अण्**' प्रत्यय हुन्छ। जस्तै **कुम्भकारः**, त्यसपछि अपवादसूत्र जस्तै '**आतेऽनुपसर्गे कः**' उपसर्ग भिन्न कर्म उपपद भए आकरान्त धातुबाट



'**क**' प्रत्यय हुन्छ। अर्थात् धेरै व्यापक जस्तै कर्म उपपद भएमा सबै धातुबाट '**अण्**' प्रत्यय प्राप्त हुन्छ। त्यो भन्दा विशेष अर्थात् अल्पविषय त्यसै पूर्व सूत्रका विषयमा आकारान्त धातुलाई '**क**' प्रत्ययले लिन्छ। जसरी उत्सर्गका विषयमा अपवाद सूत्र प्रवृत्ति हुन्छ त्यसरी अपवाद सूत्र विषयमा उत्सर्ग सूत्र प्रवृत्ति हुँदैन। जस्तै—चक्रवर्ती राजाको राज्यमा माण्डलिक र भूमिपालको प्रवृत्ति हुन्छ तर माण्डलिक राजा आदिका राज्यमा चक्रवर्तीको प्रवृत्ति हुँदैन।

यस्तै प्रकार पाणिनि महर्षिले एकहजार श्लोकमा अखिल शब्द अर्थ र सम्बन्ध विद्या प्रतिपादित गरिदिनुभएको छ। धातुपाठ पछि उणादिगण पढाउँदा सम्पूर्ण सुबन्तको विषय राम्ररी पढाएर पुनः दोस्रो पटक **शङ्का, समाधान, वार्तिक, कारिका,** परिभाषा आदि जानकारी दिदैं अष्टाध्यायीको '**द्वितिय अनुवृत्ति**' पढाउनु पर्छ। त्यसपछि '**महभाष्य**' पढाउनु पर्छ। अर्थात् बुद्धिमान्, पुरुषार्थी, निष्कपटी, विद्यावृद्धि चाहने व्यक्तिले नित्य पढ्ने पढाउने गरेमा डेढवर्षमा अष्टाध्यायी र डेढवर्षमा महाभाष्य पढेर तीन वर्षमा पूर्ण वैयाकारण भएर वैदिक र लौकिक शब्दहरू व्याकरणद्वारा ज्ञान प्राप्त गरेर पुनः अरू शास्त्रहरूलाई शीघ्र सहजै पढ्न पढाउन सक्ने हुन्छन्। तर जति ज्ञान यिनलाई पढ्नाले तीन वर्षमा हुन्छ त्यति ज्ञान '**कुग्रन्थ**' अर्थात् सारस्वत, चन्द्रिका, कौमुदी, मनोरमा आदिलाई पढेर **पचासवर्षमा** पनि हुन सक्तैन। किनभने महाशय महर्षिहरूले महान् विषयलाई जसरी सहजै आफ्ना ग्रन्थमा प्रकाशित गरेका छन् त्यस्तो यी क्षुद्राशय मानिसहरूका कल्पित ग्रन्थहरूमा कसरी हुन सक्छ र? महर्षिहरूका आशय सकभर सरल, सुगम र कम समयमा बुझ्न सकिने हुन्छ भने क्षुद्राशय व्यक्तिहरूका मनसाय भने सकभर कठिन रचना गर्ने हुन्छ। त्यसलाई बडो परिश्रमसाथ पढेर पनि थोरै मात्र लाभ हुन्छ, जस्तै पहाड खनेर कौडी भेट्टाउनु। तर आर्ष ग्रन्थ पढ्नु भनेको समुद्रमा एक डुबुल्की लगाएर बहुमूल्य मोती झिक्नु जस्तो हुन्छ।

व्याकरण पढिसकेपछि यास्कमुनिकृत **निघण्टु** र **निरुक्त** छ वा आठ महीनामा अर्थ सहित पढ्नु पढाउनु पर्छ। अरू नास्तिकहरूले बनाएका अमरकोश आदिमा अनेक वर्ष खेरहाल्नु पर्दैन। त्यसपछि पिङ्गलाचार्यकृत छन्दोग्रन्थबाट वैदिक लौकिक छन्दहरू राम्रो ज्ञान, नयाँ रचना र श्लोक बनाउने तरीका पनि राम्ररी सिक्नु पर्छ। यो ग्रन्थ, श्लोक रचना र प्रस्तार चार महीनामा सिक्नु र पढ्न पढाउन सकिन्छ।



PDFill PDF Editor with Free Writer and Tools

साथै वृत्तरत्नाकार आदि अल्पबुद्धि भएकाहरूबाट कल्पित ग्रन्थहरूमा अनेक वर्ष खेर फाल्नु उचित हुँदैन।

त्यसपछि मनुस्मृति, वाल्मीकिरामायण र महाभारतको उद्योग पर्व अन्तर्गतको विदुरनीति आदि राम्रा राम्रा, दुष्ट व्यसन हटाउने, उत्तमता र सभ्यता प्राप्त गराउने खालका प्रकरण, काव्य पढ्ने तरीकाले अर्थात् पदच्छेद, पदार्थोक्ति, अन्वय, विशेष्य विशेषण र भावर्थ आदि अध्यापकले पढाउँदै र विद्यार्थीले बुझ्दै जानु पर्दछ। यी सबैलाई एकवर्षभित्र पढिसक्नु पर्छ।

त्यसपछि पूर्वमीमांसा, वैशेषिक, न्याय, योग, सांख्य र वेदान्त यी छ शास्त्रलाई सकभर ऋषिकृत व्याख्या सहित अथवा उत्तम विद्वान्हरूका सरल व्याख्या समेत पढ्नु-पढाउनु पर्छ। तर वेदान्तसूत्र पढ्नु अघि ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डुक्य, ऐतरेय, तैत्तिरीय, छान्दोग्य र बृहदारण्यक यी दश उपनिषद्लाई पढेर छ शास्त्रका भाष्यवृत्ति समेत सूत्रहरूलाई दुईवर्ष भित्र पढाइ र पढिसक्नु पर्छ।

अनि छ वर्ष भित्र ऐतरेय, शतपथ, साम र गोपथ यी चारै ब्राह्मण सहित चारै वेदका स्वर,शब्द, अर्थ, सम्बन्ध र क्रियासमेत पढ्नुपर्दछ। यसमा प्रमाण—

**स्थाणुरयं भारहारः किलाभूदधीत्य वेदं न विजानाति योऽर्थम्।**
**योऽर्थज्ञ इत्सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा॥**

यो मन्त्र निरुक्तमा (१।१८) छ। वेदको स्वर र पाठमात्र पढेर अर्थ नजान्ने व्यक्ति हाँगा-विंगा, फल, फूल, पात आदि बोक्ने रूख जस्तै अथवा मालसामानको भारी बोक्ने पशुजस्तै भार बोकाउने मात्र हुन्छ। अनि वेदलाई पढ्ने र त्यसको अर्थ ठीक-ठीक जान्ने व्यक्ति भने सबै आनन्द प्राप्त गरेर देहान्त पछि ज्ञानद्वारा पापहरूलाई छोडैर पवित्र धर्माचरणका प्रभावले सबै प्रकारका आनन्द प्राप्त गर्छ।

**उत त्वः पश्यन्न ददर्श वाचमुत त्वः शृण्वन्न शृणोत्येनाम्।**
**उतो त्वस्मै तन्वं१ वि सस्रे जायेव पत्य उशती सुवासाः॥**

—ऋ० अ० १०। सूत्र ७१। मं० ४॥

अविद्वान् व्यक्ति सुनेर पनि नसुन्ने, देखेर पनि नदेख्ने र बोलेर पनि नबोल्ने हुन्छन् अर्थात् अविद्वान् यस विद्या-वाणीको रहस्यलाई बुझ्न सक्तैनन्। तर शब्द, अर्थ र सम्बन्धलाई जान्ने विद्वान्का निमित्त विद्या आफ्नो स्वरूपलाई कुनै सुन्दर वस्त्र र आभूषण धारण गरेकी, पतिको कामना गर्ने स्त्रीले आफ्नो पति समक्ष आफ्नो शरीर र स्वरूप प्रकाशित



गरे जस्तै प्रकाश गर्दछ, अविद्वान्का निमित्त गर्दैन।

**ऋचो अक्षरे परमे व्योमन्यस्मिन्देवा अधि विश्वे निषेदुः।**
**यस्तन्न वेद किमृचा करिष्यति य इत्तद्विदुस्त इमे समासते॥**

—ऋ० मं० १। सू० १६४। मं० ३९

जुन अविनाशी सर्वोत्कृष्ट परमेश्वरमा सबै विद्वान् र पृथ्वी, सूर्य आदि सबै लोक टिकेका छन्, जुनमा सबै वेदहरूको मुख्य तात्पर्य छ त्यस ब्रह्मलाई न जान्ने व्यक्ति ऋग्वेद आदिबाट के सुख पाउन सक्छ र? अर्थात् सक्तैन। वेद पढेर धर्मात्मा योगी भई ब्रह्मलाई जान्ने व्यक्ति परमेश्वरमै स्थित भएर मुक्तिरूपी परम आनन्द प्राप्त गर्दछन्। यसकारण जे जति पढ्नु-पढाउनु छ त्यो अर्थज्ञान सहित हुनु पर्दछ।

यसरी सबै वेद पढिसकेपछि आयुर्वेद अर्थात् चरक, सुश्रुत आदि ऋषिमनिकृत वैद्यक शास्त्रको अर्थ, क्रिया, शस्त्र, छेदन, भेदन, लेप, चिकित्सा, निदान, औषध, पथ्य, शरीर, देश, काल र वस्तु गुणज्ञानपूर्वक चारवर्षमा पढ्नु-पढाउनु पर्छ।

त्यसपछि धनुर्वेद अर्थात् राजसम्बन्धी काम सिक्नु पर्छ। यसका दुई भेद छन्। पहिलो राजपुरुष सम्बन्धी र दोस्रो प्रजाजन सम्बन्धी। राजकार्यमा सबै सेनाध्यक्षका कार्य, शस्त्रास्त्रविद्या, नाना किसिमका व्यूह अभ्यास अर्थात् जसलाई हिजोआज 'कवायद' भनिन्छ, जो शत्रुहरूसँग लडाईमा क्रिया गरिन्छ, त्यो सबै राम्ररी सिक्नु पर्छ अनि प्रजापालन र वृद्धिगर्ने प्रकार पनि सिकेर न्यायपूर्वक प्रजालाई प्रसन्न राखने दुष्टलाई उचित दण्ड दिने र श्रेष्ठ को पालन पोषणको प्रकार पनि सबै सिक्नु पर्छ।

यस राजविद्यालाई दुई-दुई वर्षमा सिकेर गानविद्या भनिने गान्धर्ववेदमा स्वर,राग रागिनी,समय, ताल, ग्राम,तान, वादित्र, नृत्य, गीत आदिलाई राम्ररी सिक्नु पर्छ र मुख्यरूपमा सामवेदको गान वाद्यवादनपूर्वक सिक्नु तथा नारद संहिता आदि आर्ष ग्रन्थ पढनु पर्छ। तर भंडुवा, वेश्या र विषयासक्तिकारक वैरागीहरूका गर्दभशब्दजस्ता व्यर्थ आलाप कहिल्यै गर्नु हुन्न।

शिल्पविद्या भनिने अर्थवेदको पदार्थगुणविज्ञान, क्रियाकौशल, नानाथरी पदार्थ निर्माण, पृथ्वीदेखि आकाशसम्मका विद्यालाई यथावत् सिकेर, ऐश्वर्य बढाउने अर्थविद्या सिक्नु र दुई वर्षमा बीजगणित, अङ्कगणित, भूगोल,खगोल र भूगर्भविद्या रहेको ज्योतिषशास्त्र, सूर्य सिद्धान्त आदि राम्ररी सिक्नु पर्छ। त्यसपछि सबै किसिमका हस्तक्रिया,



PDFill PDF Editor with Free Writer and Tools

यन्त्रकला आदिलाई सिक्नुपर्छ। परन्तु ग्रह, नक्षत्र, जन्मपत्र, राशि, मुहूर्त आदि फल देखाउने ग्रन्थहरूलाई भने झूठा सम्झनुपर्छ र कहिल्यै पढ्नु पढाउनु हुँदैन। पढ्ने र पढाउनेले समेत बीस वा एक्काईस वर्ष भित्र मानिस सबै विद्या, उत्तम शिक्षा प्राप्त भई कृतकृत्य भएर सदा आनन्दमा रहून् भन्ने प्रयत्न गर्नुपर्छ। यस्ता प्रकारले जति विद्याप्राप्त बीस वा एक्काईस वर्षमा हुन सक्छ,त्यति अन्य प्रकारले भने सय वर्षमा पनि हुन सक्तैन।

ऋषिहरू ठूला विद्वान्, सबै शास्त्र जान्ने र धर्मात्मा थिए भन्ने कारणले पनि उनीहरूका ग्रन्थ पढ्नु पर्छ। अनि अनृषि अर्थात् जो अल्पशास्त्र पढेका हुन्छन्, तिनीहरूको आत्मा पक्षपात सहित हुनाले तिनीहरूले बनाएका ग्रन्थ पनि त्यस्तै छन्।

पूर्वीमीमांसामा व्यासमुनिकृत व्याख्या, वैशेषिकमा गोतममुनिकृत भाष्य, न्यायसूत्रमा वात्स्यायनमुनिकृत भाष्य पतञ्जलिमुनिकृत योगसूत्रमा व्यासमुनिकृत भाष्य, कपिलमुनिकृत सांख्यसूत्रमा भृगुमुनरिकृत भाष्य, व्यासमुनिकृत वेदान्तसूत्रमा वात्स्यायनमुनिकृत भाष्य अथवा बौधायनमुनिकृत भाष्य वृत्तिसहित पढ्नु पढाउनु पर्छ। यी सूत्रहरूलाई कल्प अङ्गमा पनि गन्नु पर्छ। ऋक्, यजुः, साम, अथर्व यी चार वेद ईश्वरकृत हुन् भने ऐतरेय, शतपथ, साम र गोपथ यी चारै ब्राह्मण, शिक्षा, कल्प, व्याकरण, निघण्टु, निरुक्त, छन्द र ज्योतिष यी ६ वेदका अङ्ग, मीमांसा आदि ६ शास्त्र वेदका उपाङ्ग अनि आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थवेद यी चार वेदका उपवेद इत्यादि सबै ऋषिमुनिले बनाएका ग्रन्थहुन्। यीनमा पनि वेद विरूद्ध प्रतीत भएजति कुरा त्याग्नु पर्छ किनभने वेद ईश्वरकृत हुनाले भ्रान्तिरहित, स्वतः प्रमाण अर्थात् वेदको प्रमाण वेदबाटै हुन्छ ब्राह्मण आदि सबै ग्रन्थ परतः प्रमाण अर्थात् यीनको प्रमाण वेदका अधीन हुन्छ। वेदको विशेष व्याख्या 'ऋग्वेदादिभाष्यभूमिका' मा हेर्नुहोला र यस ग्रन्थमा पनि पछि लेखिने छ।

अब छोड्नुपर्ने ग्रन्थहरू संक्षेपमा गणना गरिन्छ। तल लेखिएका ग्रन्थहरू जाल प्रपञ्च भएका ग्रन्थ हुन् भन्ने बुझ्नु पर्छ। व्याकरणमा कातन्त्र, सारस्वत, चन्द्रिका, मुग्धबोध, कौमुदी, शेखर, मनोरमा आदि,कोशमा अमरकोश आदि, छन्दोग्रन्थमा वृत्तरत्नाकार आदि, शिक्षामा 'अथ शिक्षां प्रवक्ष्यामि प्राणिनींयं मतं यथा' आदि , ज्योतिषमा शीघ्रबोध, मुहूर्तचिन्तामणि आदि, काव्यामा नायिकाभेद, कुवलयानन्द,



रघुवंश, माघ, किरातार्जुनीय आदि,मीमांसामा धर्मसिन्धु, व्रातार्क आदि वैशिषिकमा तर्कसंग्रह आदि, न्याय जागदीश आदि, योगमा हठप्रदीपिका आदि, सांख्यमा सांख्यतत्त्वकौमुदी आदि, वेदान्तमा योगवाशिष्ठ, पञ्चदशी आदि, वैद्यकमा शार्ङ्गधर आदि, स्मृतिहरूमा मनुस्मृतिका प्रक्षिप्त श्लोक र अरू सबै स्मृति, सबै तन्त्र ग्रन्थ, सबै पुराण, सबै उपपुराण, तुलसीदासकृत भाषारामायण, रुक्मिणीमङ्गल आदि र सर्वभाषाग्रन्थ, यी सबै कपोल कल्पित मिथ्या ग्रन्थ हुन्।

**प्रश्न**—के यी ग्रन्थमा केही पनि सत्य छैन त?

**उत्तर**—केही सत्य त छ तर यसैसाथ धेरैजसो असत्यपनि छ। यसकारण '**विषसम्पृवतान्नवत् त्याज्याः**' जसरी अति उत्तम अन्न पनि विष मिसिएको भए त्याग्नुपर्ने हुन्छ, त्यस्तै यी ग्रन्थ पनि हुन्।

**प्रश्न**—के तपाई पुराण इतिहासलाई मान्नु हुन्न?

**उत्तर**—हो, मान्दछु, तर सत्यलाई मान्दछु, मिथ्यालाई मान्दिन,।

**प्रश्न**—कुन सत्य र कुनचाहीं मिथ्या त?

**उत्तर**—**ब्राह्मणानीतिहासान् पुराणानि कल्पान् गाथा नाराशंसी–रिति॥** यो गृह्मसूत्रदिको तै० आ० २।९। वचन हो। माथि उल्लेखित ऐतरेय, शतपथ आदि ब्राह्मणकै इतिहास, पुराण कल्प गाथा र नाराशंसी यो पाँच नाम हुन्। श्रीमद्भागवत आदिको नाम पुराण होइन।

**प्रश्न**—त्याज्य ग्रन्थहरूमा भएका सत्य कुरा ग्रहण किन गर्नु हुन्न?

**उत्तर**—तिनमा भएका सत्य कुराजति सबै वेद आदि सत्यशास्त्रका हुन् र मिथ्या उनीहरूको आफ्नो कल्पना हो। वेद आदि सत्य शास्त्रलाई स्वीकार गरेपछि त्यसैमा सबै सत्य ग्रहण हुन्छ। कसैले यी मिथ्याग्रन्थबाट सत्य ग्रहणगर्न चाहेमा मिथ्या पनि आइलाग्ने छ। यसैले '**असत्यमिश्रं सत्यं दूरतस्त्याज्यामिति**' असत्यसमेत भएको सत्यलाई पनि विष मिसिएको अन्न सरह त्याग्नु पर्छ।

**प्रश्न**—तपाईको मत के हो?

**उत्तर**—वेद अर्थात् जुन जुन कुरा गर्ने र जुन कुरा छोड्ने शिक्षा वेदमा छ, त्यसलाई यथावत् गर्नु र छोड्नु पर्छ भन्ने मान्दछु। वेद मलाई मान्य छ त्यसैले मेरो मत वेद हो। यस्तै मानेर सबै मानिसले खासगरी आर्यहरूले एकमत भई बस्नु पर्दछ।

**प्रश्न**—जस्तो सत्यासत्य र अन्य ग्रन्थहरू परस्पर विरोध छ त्यस्तै अन्य शास्त्रमा पनि छ। जस्तै सृष्टि विषयमा छ शास्त्र परस्पर



PDFill PDF Editor with Free Writer and Tools

विरोध छ—मीमांसा कर्म, वैशेषिक काल, न्याय परमाणु, योग पुरुषार्थ, सांख्य प्रकृति र वेदान्त ब्रह्मबाट सृष्टि उत्पत्ति मान्दछ। के यो विरोध होइन?

**उत्तर**—वास्तवमा सांख्य र वेदान्त बाहेक अरू चार शास्त्रमा सृष्टि उत्पत्ति खासगरी लेखिएकै छैन, तापनि यिनमा विरोध छैन। तपाईलाई विरोध अविरोधको ज्ञान रहेनछ। म सोद्धछु, विरोध कुन ठाउँमा हुन्छ? एउटै विषयमा अथवा भिन्न भिन्न विषयमा?

**प्रश्न**—एउटै विषयमा अनेकौंको परस्पर विरूद्ध भनाइ छ भने त्यसलाई विरोध भनिन्छ। यहाँ पनि सृष्टि एउटै विषय छ।

**उत्तर**—विद्या एउटा छ वा दुईवटा? एउटै छ भने व्याकरण, वेद्यक, ज्योतिष आदि भिन्न भिन्न विषय किन छन्? जसरी एउटै विद्यामा विद्याका अनेक अवयवहरूको एकअर्का भन्दा भिन्नै प्रतिपादन हुन्छ, त्यस्तै सृष्टि विद्याका भिन्न भिन्न छ अवयवको छ शास्त्रमा प्रतिपादन हुनाले यिनमा केही पनि विरोध छैन। जसरी घडा बनाउन कर्म, समय, माटो, विचार, संयोग, वियोग आदि पुरुषार्थ, प्रकृतिका गुण र कुमाले कारण हुन्छ त्यस्तै सृष्टि कर्मकारण व्याख्या मीमांसामा, समयको व्याख्या वैशेषिकमा, उपादानकारणको व्याख्या न्यायमा, पुरुषार्थको व्याख्या योगमा, तत्त्वहरूको क्रमबद्ध गणनाको व्याख्या सांख्यमा र निमित्तकारण परमेश्वरको व्याख्या वेदान्त शास्त्रमा छ। यसकारण केही पनि विरोध छैन। जसरी वैद्यकशास्त्रमा निदान, चिकित्सा, औषधि–दान र पथ्यका प्रकरण भिन्न भिन्न भनिएका छन्, तर सबैको सिद्धान्त रोगनिवृत्ति हो। त्यस्तै सृष्टिका छ कारण छन्। यिनमा एक एक कारणको व्याख्या एक एक शास्त्रकारले गरेका छन्। यसकारण केही पनि विरोध छैन। यसको विशेष व्याख्या सृष्टिप्रकरणमा गरिने छ।

विद्या पढ्न–पढाउन बाधक कुरालाई छोड्नु पर्छ। जस्तै–कुसङ्गत अर्थात् दुष्टविषयी व्यक्तिको संगत, दुष्टव्यसन जस्तै–मद्य आदि सेवन र वेश्यागमन आदि, बाल्यावस्थामा विवाह अर्थात् पच्चीस वर्ष अघि पुरुष र सोह्रौंवर्ष अघि स्त्रीको विवाह हुनु, पूर्ण ब्रह्मचर्य नहुनु, वेदादि शास्त्रका प्रचार राजा, आमा–बाबु र विद्वान्हरूको प्रेम नहुने, अतिभोजन, अतिजागरण, पढ्ने–पढाउने, परीक्षा लिने वा दिने काममा आलस्य वा कपट गर्नु, विद्यालाभलाई सर्वोपरि नसम्झनु, ब्रह्मचर्यबाट बल, बुद्धि, पराक्रम, आरोग्य, राज्य र धन वृद्धि हुन्छ भन्ने कुरा नमान्नु, ईश्वरको



ध्यान गर्न छोडेर अरू ढुङ्गा आदि जड़मूर्ति दर्शन पूजनमा व्यर्थ समय खेरफाल्नु, आमा, बाबु, अतिथि, आचार्य्य र विद्वानलाई सत्यमूर्ति मानेर सेवा, सत्संग नगर्नु, वर्णाश्रम धर्मलाई त्यागेर ऊर्ध्वपुण्ड्र, त्रिपुण्ड्र, तिलक, कण्ठी, माला आदि धारण, एकादशी, त्रयोदशी आदि ब्रत गर्नु, काशी आदि तीर्थ र राम, कृष्ण, नारायण, शिव, भगवती, गणेश आदिको नामस्मरणबाट पाप नासिने विश्वास, पाखण्डीहरूका कुरामा परेर विद्या पढ्न अश्रद्धा हुनु, विद्या, धर्म, योग, परमेश्वरको उपासना नगरी मिथ्या पुराण नाम गरिएका भागवत आदिका कथा आदिबाट मुक्ति हुन्छ भन्ने मान्नु, लोभले धनसम्पत्ति तर्फ लागेर विद्या पढ्न मन नलाउनु, यताउति व्यर्थ डुल्नु, इत्यादि मिथ्या व्यवहारहरूमा फँसेर ब्रह्मचर्य र विद्याबाटहुने लाभबाट वञ्चित भई रोगी र मूर्ख बनिरहन्छन्।

हिजो–आजका सम्प्रदायी र स्वार्थी ब्राह्मण आदि क्षत्रिय आदि पढेर विद्वान् भए भने उनीहरूका पाखण्डजालबाट छुटेर उनीहरूका छलकपटलाई बुझेर उनीहरूको अपमान गर्नेछन् भन्ने विचारले ब्राह्मणेतर व्यक्तिलाई विद्या, सत्संगबाट हटाएर, आफ्नो जालमा फँसाएर उनीहरूको तन, मन, धन नष्ट गरिदिन्छन्। राजा र प्रजाले यस्ता विध्न हटाएर केटा र केटीहरूलाई विद्वान् बनाउन तन, मन, धनले प्रयत्न गर्ने गर्नुपर्छ।

**प्रश्न**—के स्त्री र शूद्रले पनि वेद पढून्? यिनीहरूले पढेमा हामीले के गर्ने? फेरि यिनीहरूले पढ्ने प्रमाण पनि छैन। जस्तै—यो निषेध छ—

**स्त्रीशूद्रौ नाधीयतामिति श्रुतेः** ॥ स्त्री र शूद्रले नपढून्, यो श्रुति हो!

**उत्तर**—सबै स्त्री र पुरुष अर्थात् मनुष्यमात्रलाई पढ्ने अधिकार छ। तपाई कुवामै पर्नुहोस् र यो **श्रुतिपनि तपाईको कपोलकल्पनाबाट बनाइएको हो, कुनै प्रामाणिक ग्रन्थको होइन।** साथै सब मानिसले वेदादि शास्त्र पढ्ने, सुन्ने अधिकार यजुर्वेद छब्बीसौं अध्यायमा दोस्रो मन्त्र छ—

**यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः।**<br>
**ब्रह्मराजन्याभ्याꣳ शूद्राय चार्याय च स्वाय चारणाय॥**

—यजुर्वेद २६।२

परमेश्वरले भनेको छ **( यथा )** जसरी म **( जनेभ्यः )** सबै मानिसका लागि, **( इनाम् )** यस **( कल्याणीम् )** कल्याम अर्थात् संसारसुख र मुक्तिसुख दिने **( वाचम् )** ऋग्वेदादि चारै वेदका वाणीको



PDFill PDF Editor with Free Writer and Tools

( **आवदानि** ) उपदेश गर्दछु, त्यस्तै तिमीपनि गर्नेगर।

स्मृति आदि ग्रन्थमा ब्राह्मण, क्षत्रिय, वैश्यले मात्र वेद पढ्ने अधिकार लेखिएको छ, स्त्री र शूद्रादि वर्णको छैन भन्दै कसैले यहाँ '**जन**' शब्दले द्विज भन्ने बुझ्नु पर्छ भन्लान्।

**उत्तर**—( **ब्रह्मराजन्याभ्याम्** ) इत्यादिमा परमेश्वरले स्वयं भनेको छ कि मैले ब्राह्मण, क्षत्रिय ( **अर्य्याय** ) वैश्य, ( **शूद्राय** ) शूद्र र ( **स्वाय** ) आफ्ना भृत्य अथवा स्त्री आदि र ( **अरणाय** ) अतिशूद्र आदिका लागि पनि वेद प्रकाश गरेको छ। अर्थात् सबै मानिसले वेद पढेर–पढाएर, सुनेर–सुनाएर, विज्ञानलाई बढाएर राम्रोकुरा ग्रहण र गलत नराम्राकुरा त्यागेर दु:खहरूबाट छुटेर आनन्द प्राप्त गरून्। भन्नुहोस् अब तपाईंको कुरा मानौं अथवा परमेश्वरको? परमेश्वरको कुरा अवश्य मान्न योग्य छ। यतिहुँदा पनि यसलाई नमान्ने व्यक्ति नास्तिक भनिने छ। किनभने '**नास्तिको वेदनिन्दकः**' (मनु० ५।११) वेदको निन्दा गर्ने र नमान्ने व्यक्ति नास्तिक भनिन्छ। के ईश्वर शूद्रहरूको भलो गर्न चाहदैन? के ईश्वर पक्षपाती छ र वेद पढ्नु, सुन्न शूद्रलाई निषेध र द्विजलाई विधि गरोस्। परमेश्वरको अभिप्राय शूद्र आदिलाई पढाउने, सुनाउने नभएको भए तिनका शरीरमा वाक् र श्रोत्र इन्द्रिय किन बनायो? जसरी परमात्माले पृथ्वी, जल, अग्नि, वायु, चन्द्र, सूर्य र अन्न आदि पदार्थ सबैका लागि बनाएको छ, त्यस्तै वेद पनि सबैका लागि प्रकाशित गरेको हो। जहाँ कतै निषेध गरिएको छ भने त्यसको अभिप्राय पढ्दा–पढाउँदा केही पनि नजान्ने व्यक्ति निर्बुद्धि र मूर्ख हुनाले शूद्र भनिन्छ भन्नेमात्र हो। त्यसले पढ्नु–पढाउनु व्यर्थ हुन्छ। अनि स्त्रीहरूलाई पढ्न निषेधगर्न चाहिं निषेध गर्नेको मूर्खता, स्वार्थता र निर्बुद्धिताको प्रभाव हो। कन्याले पढ्नुपर्छ भन्ने प्रमाण वेदमा छ—

**ब्रह्मचर्य्येण कन्या३ युवानं विन्दते पतिम्॥**

—अथर्ववेद काण्ड ११। सूक्त ५। मन्त्र १८

जसरी केटाले ब्रह्मचर्य सेवनद्वारा पूर्ण विद्या र सुशिक्षा प्राप्त गरेर युवती, विदुषि, आफ्नो अनुकूल, प्रिय, योग्य स्त्रीसँग विवाह गर्छन् त्यस्तै ( **कन्या** ) कुमारी ( **ब्रह्मचर्येण** ) ब्रह्मचर्य सेवनद्वारा वेदादि शास्त्र पढेर पूर्ण विद्या र उत्तम शिक्षा प्राप्त युवती भएर पूर्ण युवावस्थामा आफ्नै सदृश प्रिय विद्वान् ( **युवानम्** ) र पूर्ण युवावस्थायुक्त पुरुषलाई ( **विदन्ते** ) प्राप्त गरोस्। यसकारण स्त्रीले पनि ब्रह्मचर्य र विद्या ग्रहण अवश्य गर्नुपर्छ।



**प्रश्न**—के स्त्रीहरूले पनि वेद पढून्?

**उत्तर**—अवश्य पढून्। हेर, श्रौतसूत्र आदिमा:—'**इमं मन्त्रं पत्नी पठेत**' अर्थात् यज्ञमा स्त्रीले यो मन्त्र पढ्नुपर्छ। स्त्री वेदादि शास्त्र पढेकी नभए स्वरसहित मन्त्रहरू उच्चारण र संस्कृतभाषण कसरी गर्न सक्छे? भारतवर्षका स्त्रीहरूमा भूषणरूपा, गार्गी आदि वेदादि शास्त्र पढेर पूर्ण विदुषी भएका थिए भन्ने कुरा शतपथ ब्राह्मणमा स्पष्ट लेखिएको छ। अनि फेरि पुरुष विद्वान् र स्त्री अविदुषी तथा स्त्री विदुषी र पुरुष अविद्वान् भए घरमा दिनहुँ देवासुर संग्राम मच्चिन्छ, अनि सुख कहाँ होला? स्त्री नपढे कन्या पाठशालामा अध्यापिका कसरी हुन सक्लान् तथा राजकार्य, न्यायधीशत्व आदि गृहस्थाश्रमका पतिलाई स्त्रीले र स्त्रिलाई पतिले प्रसन्न राख्ने कार्य तथा स्त्रीकै अधीनमा रहने सबै काम पनि विद्या बिना कुनै कार्य राम्रोसँग कहिल्यै हुन सक्तैन।

हेर, आर्यावर्त्तका राजपुरुषकी स्त्रीहरू धनुर्वेद अर्थात् युद्धविद्या पनि राम्ररी जान्ने हुन्थे। जान्ने नभएकी भए केकयी आदि दशरथ आदिसँग युद्धमा कसरी गएर युद्ध गर्न सक्थे? यसकारण ब्राह्मणीले सबै विद्या, क्षत्रियाले सबै विद्याकासाथ विशेषरूपमा युद्धविद्या र राजविद्या, वैश्याले व्यवहारविद्या र शूद्राले पाक आदि सेवा विद्या अवश्य पढ्नुपर्छ। जसरी पुरुषले व्याकरण, धर्म र आफ्नो व्यवहारको विद्या कमसेकम अवश्य पढ्नुपर्छ त्यस्तै स्त्रीले पनि व्याकरण, धर्म, वैद्यक, गणित र शिल्पविद्या त अवश्य सिक्नुपर्छ। किनभने यत्ति नसिकी सत्य–असत्य निर्णय, पति आदिसँग अनुकूल भैरहनु, यथायोग्य सन्तानोत्पत्ति, तिनलाई पालन, पोषण, बर्द्धन र सुशिक्षा, घरका सबैकार्य यथायोग्य गर्नु गराउनु घरमा रोग कहिल्यै नलाग्ने र सबै सदा आनन्दित रहनेगरी वैद्यक विद्याद्वारा औषध जस्तै सबै खानपानका वस्तु बनाउने र बनाउन लगाउने गर्नु आदि कार्य ठीक–ठीक गर्न गराउन सक्तिन। शिल्प विद्या नजानी घर बनाउन वा बनाउन लगाउन, वस्त्र आभूषण आदि बनाउन, बनाउन लगाउन, गणित विद्या बिना सबैको हिसाब बुझ्न, बुझाउन र वेदादि शास्त्र विद्या विना ईश्वर र धर्मलाई जान्न नसक्नेहुँदा अधर्मबाट कहिल्यै बच्न सक्तैनन्।

यसकारण ब्रह्मचर्य, उत्तम शिक्षा र विद्याद्वारा आफ्ना सन्तानको शरीर र आत्माको पूर्ण बल बढाउने व्यक्ति धन्यवाद योग्य र कृतकृत्य हुन्छन्। जसबाट ती सन्तान आमा, बाबु, पति, सासु, ससुरा, राजा, छिमेकी, इष्टामित्र र सन्तान आदिसँग यथायोग्य धर्मपूर्वक व्यवहार



PDFill PDF Editor with Free Writer and Tools

गर्ने होऊन्। यही कोश अक्षय हो। यसलाई जति खर्च गरेपनि बढ्दैजान्छ। अरू सबै कोश खर्च गर्दा घट्दै जान्छन् र अंशियार पनि आफ्नो भाग लिन्छन्। विद्याकोशलाई चोर्न वा भागबण्डा लगाउन कसैले सक्तैन। राजा र प्रजा सबैले विशेषगरी यसकोशलाई रक्षा र वृद्धि गर्नुपर्छ।

**कन्यानां सम्प्रदानं च कुमाराणां च रक्षणम्॥**

—मनु० ७।१५२

उक्त समयदेखि उक्त समयसम्म सबै केटा र केटीलाई ब्रह्मचर्यमा राखेर विद्वान् गराउनु राजाको कर्तव्य हो। यस आज्ञालाई नमान्नेका आमा बाबुलाई दण्ड दिनुपर्छ अर्थात् राजाका आज्ञाले आठवर्षपछि केटा केटी कसैका घरमा रहन नपाऊन्, उनीहरू आचार्य्यकुलमै रहून्। समावर्तनको समय नआएसम्म विवाह हुन नपाओस्।

**सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते।**
**वार्यन्नगोमहोवासस्तिलकाञ्चनसर्पिषाम्॥**

—मनु० ४।२३

जल, अन्न, गाई, पृथ्वी, वस्त्र, तिल, सुवर्ण र घृत (घ्यू) आदि संसारमा भएका समस्तदान भन्दा वेदविद्या दान अतिश्रेष्ठ हुन्छ। यसकारण विद्यावृद्धिका लागि तन, मन,धनले सकभर बढी प्रयत्न गर्नुपर्छ। जुन देशमा यथायोग्य ब्रह्मचर्य, विद्या र वेदोक्त धर्म प्रचार हुन्छ, त्यही देश सौभाग्यशाली हुन्छ।

यो ब्रह्मचर्याश्रम शिक्षा संक्षेपमा लेखियो। यसपछि चौथो समुल्लासमा समावर्तन, विवाह र गृहाश्रम शिक्षा लेखिन्छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषविभूषिते शिक्षाविषये तृतीयः समुल्लासः सम्पूर्ण॥ ३॥**



PDFill PDF Editor with Free Writer and Tools

# अथ चतुर्थ–समुल्लासः

## अथ समावर्त्तन–विवाह–गृहाश्रमविधिं वक्ष्यामः

**वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम्।**
**अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममाविशेत्॥ १॥**

—मनुस्मृति ३।२

ब्रह्मचर्यकालमा यथावत् आचार्य अनुकूल व्यवहार गरेर धर्मपूर्वक चारै, तीन, दुई अथवा एक वेद साङ्गोपाङ्ग पढेर ब्रह्मचर्य खण्डित नभएका पुरुष वा स्त्रीले गृहाश्रममा प्रवेश गर्नुपर्छ।

**तं प्रतीतं स्वधर्मेण ब्रह्मदायहरं पितुः।**
**स्रग्विणं तल्प आसीनमर्हयेत् प्रथमं गवा॥ २॥**

—मनुस्मृति ३।३

स्वधर्म अर्थात् यथावत् आचार्य र शिष्य धर्मयुक्त पिता, जनक वा अध्यापकबाट ब्रह्मदाय अर्थात् वेदाध्ययनरूप अंश प्राप्त गर्ने र माला धारण गर्ने ब्रह्मचारीले सर्वप्रथम आसनमा विराजमान आफ्ना आचार्यलाई गाईदानद्वारा सत्कार गर्नुपर्छ। यस्तै लक्षणयुक्त विद्यार्थीलाई पनि कन्याका पिताले गाईदानद्वारा सत्कार गर्नुपर्छ।

**गुरूणानुमतः स्नात्वा समावृत्तो यथाविधि।**
**उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम्॥ ३॥**

—मनुस्मृति ३।४

गुरुको आज्ञाले स्नान गरेर, नियमपूर्वक गुरुकुलबाट आएर ब्राह्मण, क्षत्रिय र वैश्यले आफ्नो वर्ण अनुकूल सुन्दर लक्षण भएकी कन्यासँग विवाह गर्नुपर्छ।

**असपिण्डा च या मातुरसगोत्रा च या पितुः।**
**सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने॥ ४॥**

—मनुस्मृति ३।५

आमा कुलको छ पिंढीभित्र नभएकी र बुबाको गोत्र नभएकी कन्यासँग विवाह गर्नु उचित हुन्छ।

यसको प्रयोजन यो हो कि—